# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक १५ | काठमाडौं | आइतबार, २५ वैशाख २०७९ | Prabhab National Daily, | Sunday, May 8, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।-


## १७ जिल्लामा खटाइयो अनुगमन टोली

### निर्वाचन स्थलमै निर्णय गर्न सक्ने अधिकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचन आयोगले यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि विभिन्न जिल्लामा केन्द्रीय अनुगमन टोली खटाएको छ। आयोगले तुलनात्मक रूपमा बढी मतदाता भएका र सुरक्षालगायत दृष्टिले संवेदनशील मानिने विभिन्न १७ जिल्लामा टोली खटाएको हो । निर्वाचन आयोग ऐन, २०७३ का दफा ५ प्रयोग गरी विभिन्न मन्त्रालय र सरकारी निकायमा कार्यरत सहसचिवको नेतृत्वमा टोली खटाएको आयोगले जनाएको छ ।

टोलीले उम्मेदवारको खर्चको सीमा, आचाारसंहिताको पालना, मौन अवधिमा आचारसंहिताको पालना, पर्यवेक्षणका काम, निर्वाचनको विश्वसनीयता र स्वच्छता आदि विषयमा अनुगमनको जिम्मेवारी पाएको छ। उक्त दफामा आयोगले आयोगका पदाधिकारी वा कर्मचारी वा नेपाल सरकारका कर्मचारी वा प्रदेश सरकारका कर्मचारी वा विशेषज्ञसहितका टोली गठन गरी निर्वाचन प्रचारप्रसार, मतदान, मतगणना वा निर्वाचनसँग सम्बन्धित अन्य काम कारबाहीको अनुगमन गर्न वा गराउने सक्ने व्यवस्था गरिएको छ।

खटाइएका टोलीलाई शनिबार कान्तिपथस्थित आयोगमा आयोजित अभिमुखीकरण कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनको व्यवस्थापकीय तयारी भइसकेकाले समग्र पक्ष र आचारसंहिताको कार्यान्वयनको अनुगमन गरी कुनै निर्णय वा कारबाही गर्नु परेमा स्थलबाटै निर्णय गर्न सक्ने अख्तियारी टोलीलाई दिइएकाले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र विश्वसनीय रूपमा सम्पन्न गर्ने सन्दर्भमा कुनै आग्रह-पूर्वाग्रह नराखी ऐन, कानुनबमोजिम प्रभावकारी अनुगमन गर्न निर्देशन दिए।

प्रमुख आयुक्त थपलियाले आचारसंहिताविपरीत दल र उम्मेदवारले झण्डा, गाडी प्रयोग गरेमा, अनधिकृत सामानको ओसारपसार वा रकम वितरण गरेको पाइएमा कब्जामा लिएर तत्काल कारबाही गर्न वा कुनै समस्या परेमा आयोगलाई तत्काल जानकारी गराउन पनि आग्रह गरे । स्वतन्त्र उम्मेदवारले अमुक दलको झण्डा प्रदर्शन गर्ने, एक उम्मेदवारलाई प्रयोग गर्न दिइएको गाडी अर्को उम्मेदवारले प्रयोग गर्ने, मतदातालाई धम्की वा आश्वासनको प्रभावमा पार्ने काम पनि भइरहेकाले निर्ममतापूर्वक कारबाही गर्न पनि उनले निर्देशन दिए।

**जेठ ५ गतेभित्र गणना सकाइनुपर्ने**

प्रमुख आयुक्त थपलियाले मतदाताको निर्वाध मत खसाल्न पाउने अधिकारलाई सुनिश्चित गर्नु आयोगको दायित्व भएकाले मतदान वा मतगणना बिथोल्ने प्रवृत्ति देखिएमा जिल्ला प्रशासन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालयलगायत निकायसँग समन्वय गरी स्थितिलाई सम्हाल्न टोलीलाई आग्रह गरे। उनले सबै पालिकाका जनप्रतिनिधिको कार्यकाल आउँदो जेठ ५ गते सम्पन्न हुने भएकाले सो अवधिभित्र मतगणना सम्पन्न गर्ने गरी आवश्यक जनशक्ति खटाइएकाले आयोगका कारणले गणनामा ढिलाइ हुन नहुने पनि स्पष्ट (**बाँकी पृष्ठ ३ मा**)

# देश दौडाहामा शीर्ष नेता

**चुनावी नतिजा आफ्नो पक्षमा पार्न सबै दलका शीर्ष नेताहरू देश दौडाहामा लागेका हुन्। त्यस क्रममा नेताहरूले मतदातासमक्ष विभिन्न प्रतिबद्धता र आश्वासन बाँडिरहेका छन्। उनीहरू आफ्नो दलको एजेण्डासँगै विपक्षी दलमाथि आरोपप्रत्यारोप गर्नसमेत होडबाजी गरिरहेका छन्।**

■ प्रभाव संवाददाता



- **शनिबार गठबन्धनका शीर्ष नेताहरूबाट जनकपुर, बुटवल र तनहुँमा आयोजित चुनावी सभालाई सम्बोधन।**
- **शनिबार नै एमाले अध्यक्ष केपी शर्मा ओलीद्वारा इटहरी र मोरङमा गरी चारवटा चुनावी सभालाई सम्बोधन।**
- **शीर्ष नेता मात्र नभई दोस्रो र तेस्रो तहका नेताहरू पनि चुनावी अभियानमा।**
- **जसरी पनि एमालेलाई हराउने अभियानमा सत्तारुढ गठबन्धन, आफ्नो विरासत जोगाउने कसरतमा एमाले।**

**काठमाडौं–** स्थानीय तह निर्वाचनका लागि प्रचारप्रसार गर्ने समय अब धेरै छैन । मतदान हुनुभन्दा २४ घण्टा अगाडिदेखि मौन अवधि सुरु हुनेछ । उक्त अवधिमा कुनै पनि प्रकारका चुनावी गतिविधि गर्न नपाइने भएकाले राजनीतिक दल तथा उम्मेदवारहरू प्रचारप्रसारमा दौडिरहेका छन् । वैशाख ३० गते शुक्रबार बिहान ७ बजेदखि बेलुका ५ बजेसम्म मतदानको समय तोकिएको छ ।

यतिबेला उम्मेदवार मात्र होइन, आफ्नो पार्टीका उम्मेदवारलाई जिताउन हरेक पार्टीका शीर्ष नेताहरूको दौडधुप चलिरहेको छ । उनीहरू देश दौडाहामा छन् ।

शनिबार मात्र प्रधानमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जनकपुर, बुटवल र तनहुँमा आयोजित चुनावी सभालाई सम्बोधन गरे । उनी मात्र होइन, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेललगायतका सत्ता गठबन्धनका शीर्ष नेताले विभिन्न चुनावी सभालाई सम्बोधन गरे ।

सत्ता गठबन्धनले शुक्रबार काठमाडौंमा र बिहीबार चितवनको भरतुमा चुनावी सभा गरेको थियो । जसलाई कांग्रेस सभापति देउवा, माओवादी केन्द्रका अध्यक्ष दाहाल, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायतले सम्बोधन गरे ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पनि देश दौडाहामा छन् । उनले शनिबार इटहरी र मोरङमा गरी चारवटा चुनावी सभालाई सम्बोधन गरे । यसअघि बिहीबार ओलीले कैलालीको बर्दगोरियामा आयोजित चुनावी सभालाई सम्बोधन गरेका थिए ।

शीर्ष नेता मात्र नभई दोस्रो र तेस्रो तहका नेताहरू पनि चुनावी अभियानमा निस्किएका छन् । उनीहरूले आफ्नो प्रदेश र जिल्लाका चुनावी सभालाई सम्बोधन गरिरहेका छन् । चुनावी नतिजा आफ्नो पक्षमा पार्न नेताहरू देश दौडाहामा लागेका हुन् । त्यस क्रममा नेताहरूले मतदातासमक्ष विभिन्न प्रतिबद्धता र आश्वासन बाँडिरहेका छन् । उनीहरू आफ्नो दलको एजेण्डासँगै विपक्षी दलमाथि आरोपप्रत्यारोप गर्नसमेत होडबाजी गरिरहेका छन् ।

यो पटकको स्थानीय तह निर्वाचनमा कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी र जनामोर्चाले गठबन्धन बनाएर चुनावी तालमेल गरेका छन् । गठबन्धनले छ वटा महानगर, ११ उपमहानगरलगायत देशभर नै संयुक्त उम्मेदवार खडा गरेको छ । प्रतिपक्षी दल नेकपा एमालेले भने राप्रपा नेपाललगायत साना दलसँग गठबन्धन गरेको छ । सत्तारुढ गठबन्धन जसरी पनि एमालेलाई हराउन लागिपरेको छ भने एमाले आफ्नो विरासत जोगाउने कसरतमा छ । चुनावी नतिजा कसको पक्षमा जान्छ, त्यो भने ३० वैशाखपछि मात्र थाहा हुनेछ ।

गठबन्धनविरोधीलाई कारबाहीको चेतावनी

कांग्रेस सभापति देउवाले गठबन्धनको विरोध गर्नेहरूलाई पनि कारबाही गर्ने चेतावनी दिएका छन् । यसअघि कांग्रेसले गठबन्धनको निर्णयलाई अवज्ञा गर्ने र स्वतन्त्र उम्मेदवारी दिने कैयौंलाई कारबाही गरिसकेको छ । गठबन्धनमा कुनै पार्टीलाई कहाँ र कुनैलाई कहँ चित्त नबुझ्ने हुनसक्ने देउवाको भनाइ छ । तर, पार्टीले निर्णय गरिसकेपछि भने सबैले मान्नुपर्ने उनले बताए ।

शनिबार जनकपुरमा आयोजित सत्ता गठबन्धनको चुनावी सभालाई सम्बोधन गर्दै देउवाले भने, 'पार्टीको अनुशासनमा बस्नुपर्छ । मेरो पार्टीमा पनि कारबाही गरेको छु । साधारण सदस्यबाट पनि हटाएको छु । त्यतिमात्रै होइन, गठबन्धनको विरोधमा बोल्नेलाई समेत कारबाही गर्नुपर्ने आउन सक्छ ।'

उनले गठबन्धनले नै आफूलाई प्रधानमन्त्री बनाएको भन्दै त्यसलाई टिकाउने कर्तव्य पनि आफ्नै भएको बताए । गठबन्धनलाई टिकाउनका लागि त्यसको विरोधमा उठ्ने स्वर सह्य नहुने देउवाको चेतावनी छ ।

देउवाले शनिबार नै बुटवलको चुनावी सभालाई सम्बोधन गर्दै अहिलेको संविधानअनुसार गठबन्धन राष्ट्रिय आवश्यकता भएको बताए । 'अहिलेको संविधानअनुसार एउटै पार्टीले सरकार बनाउनसक्ने अवस्था छैन । गठबन्धन आवश्यक छ । गठबन्धन बनाउनु अनिवार्य छ । विनागठबन्धन कसैको सरकार चल्दैन । अहिलेको संविधानअनुसार गठबन्धन राष्ट्रिय आवश्यकता हो । राष्ट्रले मागेको कुरा हो । यसलाई वर्षौंसम्म अगाडि लैजानुपर्छ,' उनले भने ।

तत्कालीन प्रधानमन्त्री ओलीले अत्यन्तै ठूलो अत्याचार गरेपछि गठबन्धन बनेको देउवाको भनाइ छ । विरोध सहन नसकेर ओलीले पटक-पटक संसद् भंग गरेको पनि देउवाले बताए । (**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# कन्सलटेन्सीको आडमा करोडौं ठगी

### तीनवटा मुद्दामा सात करोड १६ लाख आठ हजार रूपैयाँ बिगो मागदाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा पठाउने नाममा ट्राभल एजेन्सीदेखि कन्सलटेन्सीसम्मले ठगीधन्दा चलाइरहेको भेटिएको छ । स्वदेशमा रोजगारीको अवसर नहुँदा विदेशिन बाध्य भएका युवाहरू त्यस्ता ठगीधन्दा चलाउनेहरूबाट पीडित बनिरहेको पाइएको हो । आकर्षक रोजगारीको प्रलोभन देखाउँदै सर्वसाधारणबाट ठूलो रकम असुल गरेको पछिल्लो दुई दिनमा वैदेशिक रोजगार विभागले दर्ता गरेको मुद्दाबाट प्रस्ट देखिन्छ।

विभागले बिहीबार र शुक्रबार दर्ता गरेका तीनवटा मुद्दामा मात्रै सात करोड १६ लाख आठ हजार ८०० रूपैयाँ बिगो मागदाबी गरिएको छ । ठगीमा संलग्न विभिन्न ट्राभल एजेन्सी र कन्सलटेन्सी सञ्चालकविरुद्ध वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरिएको हो । उनीहरूले वैदेशिक रोजगारीका लागि क्यानडा, पोर्चुगल, स्पेन, फ्रान्ससहित युरोपका मुलुक तथा माल्टामा पठाउने भन्दै ठगी गरेका विभागले जनाएको छ ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका-१ बस्ने ३१ वर्षीय सदीक्षा गुरुङ र खिनशोभा गुरुङले वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिन्छु भन्दै कुमार गुरुङसँग ४१ लाख ४२ हजार ५०० रूपैयाँ ठगी गरेको विभागको अनुसन्धानबाट पुष्टि भएको छ। विभागले गत चैत २४ गते सदीक्षालाई




पक्राउ गरेको थियो। सदीक्षा र खिनशोभा आमाछोरी रहेको अनुसन्धानबाट खुलेको छ। विभागले उनीहरूविरुद्ध ठगी गरेको बिगो ४१ लाख ४२ हजार ५०० र हर्जनास्वरूप २० लाख ९१ हजार २५० गरी ६२ लाख ७३ हजार ७५० रूपैयाँ असुलउपर गर्न र सात वर्ष कैदको मागदाबी गर्दै बिहीबार मुद्दा दायर गरेको छ।

यस्तै कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता रहेको इन्टरनेसनल एक्स्पो एण्ड ट्राभल सर्भिस प्रालिका सञ्चालक राधा सुवेदीलगायत आठ जनाविरुद्ध ठगी गरेको एक करोड ६४ लाख आठ हजार, सोको हर्जना ८२ लाख चार हजार रूपैयाँसहित जम्मा दुई करोड ४६ लाख १२ हजार रूपैयाँ मागदाबी गर्दै न्यायाधिकरणमा मुद्दा दायर गरिएको विभागका निर्देशक कृष्णप्रसाद भुसालले जानकारी दिए । उनीहरूले माल्टालगायत युरोपका मुलुकमा वैदेशिक रोजगारीमा लैजाने भन्दै १२२ जनासँग प्रतिव्यक्ति दुई लाख ३५ हजार रूपैयाँ ठगी गरेको विभागको दाबी छ।

यसैगरी युरोपका विभिन्न मुलुकमा वैदेशिक रोजगारीमा लैजाने भन्दै सर्वसाधारणबाट प्रतिव्यक्ति १७ लाख ९२ हजार रूपैयाँका दरले ठगी गरेको अभियोगमा विभागले जिनियस इजुकेसन एण्ड कन्सलटेन्सी सर्भिस प्रालिका सञ्चालक सुजन भट्टराईलगायतविरुद्ध पनि मुद्दा दायर गरेको छ । निजले ठगी गरेको भन्दै विभागमा उजुरी परेपछि अनुसन्धानका क्रममा गत चैत २८ गते भट्टराईलाई विभागले पक्राउ गरेको थियो।

विदेशका विभिन्न विश्वविद्यालयमा अध्ययन गर्न जाने विद्यार्थीलाई परामर्श दिने उद्देश्य राखी दर्ता भएको उक्त कन्सलटेन्सीले अशोक चौधरीसमेत २२ जनाबाट दुई करोड ८८ लाख ४१ हजार ७०० रूपैयाँ ठगी गरेको विभागले पुष्टि गरेको छ । विभागले सञ्चालक भट्टराईसहित मेखबहादुर गुरुङ र सुनिल लम्सालविरुद्ध चार करोड सात लाख २३ हजार ५० रूपैयाँ मागदाबी गर्दै मुद्दा दायर गरेको हो ।

विभागबाट स्वीकृति नलिई कुनै पनि संस्थाले वैदेशिक रोजगारीसम्बन्धी काम गर्न पाउँदैनन् । विनास्वीकृति काम गरे वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम लिएको रकमसहित ५० प्रतिशत हर्जना तिर्नुपर्ने व्यवस्था छ। यस्तै तीनदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीनदेखि सात वर्षसम्मको कैद सजाय पनि व्यहोर्नुपर्ने छ। पछिल्ला समय कन्सलटेन्सीले वैदेशिक रोजगारीमा पठाउने भन्दै ठगी गरेको भनी उजुरी दिनेको संख्या दिनहुँ बढिरहेको विभागले जनाएको छ। कन्सलटेन्सीमार्फत वैदेशिक रोजगारीका धन्दा चलाउनेले अनुसन्धानमा बाधा पुग्ने गरी कारोबार गर्ने गरेका अनुसन्धानबाट खुलेका छन्।

कन्सलटेन्सीले रकमको कारोबार नगदमा गर्ने, संस्थामा कार्यरत कर्मचारीको बैंक खातामा जम्मा गर्न लगाउने, गैरकानुनी असुलीको प्रमाण नष्ट गर्ने उद्देश्यले कारोबार लुकाउने, नक्कली कर्मचारी र शाखा खडा गर्ने तथा ठगीमा संलग्न सञ्चालक फरार हुने वा विदेशमा बस्ने गरेको पाइएको छ । सञ्चालक फरार रहँदा रकम बुझ्ने कर्मचारी पक्राउ पर्ने गरेका छन् । विभागले गैरकानुनी कारोबारमा संलग्न नहुन कन्सलटेन्सीका कर्मचारीलाई समेत सचेत गराएको छ।



स्थानीय तह निर्वाचन

# बदर हुन नदिन यसरी गरौँ मतदान

**काठमाडौं–** यही वैशाख ३० गते देशभर एकै चरणमा स्थानीय तह सदस्य निर्वाचन हुँदै छ। निर्वाचन आयोगले उक्त दिन बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदानको समय निर्धारण गरेको छ। मतादाताले आफूले चाहेको उम्मेदवारलाई मतदान केन्द्रमा पुगेर मत दिन सक्ने छन्।

७५३ स्थानीय तहको प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, महिला सदस्य, दलित सदस्य र दुई वडा सदस्यलाई यही वैशाख २९ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाताले मतदान गर्न पाउने आयोगले जनाएको छ। गाउँपालिका र नगरपालिकामा एक/एक जना अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुख निर्वाचित हुने छन्। यस्तै पालिकाका प्रत्येक वडामा पाँच सदस्यीय वडा समिति निर्वाचित हुनेछ।

आसन्न स्थानीय निर्वाचनमा ८७ लाख ४१ हजार ५३० महिला, ८९ लाख ९२ हजार १० पुरुष र १८३ अन्य गरी कूल एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले मतदान गर्न पाउँछन्। मत संकेत गर्ने दिन मतदाता फोटोसहितको मतदाता परिचयपत्र लिएर आफ्नो नामावली भएको मतदान केन्द्रमा जानुपर्नेछ।

मतदानको दिन नजिकिएसँगै निर्वाचन आयोग तथा राजनीतिक दलहरूले मतदाता शिक्षाका कार्यक्रम अगाडि बढाएका छन्। आयोगले सामाजिक सञ्जाल, रेडियो तथा टेलिभिजनमार्फत मतदानका लागि अपिल गर्दै आएको छ। यस्तै राजनीतिक दल तथा तिनका उम्मेदवारले मतदातालाई नमूना मतपत्रमार्फत बदर नहुने गरी मतदान गर्न सिकाइरहेका छन्।

मतदातालाई सहज होस् भनेर निर्वाचन आयोगले सम्पूर्ण जिल्लाका नमूना मतपत्र सार्वजनिक गरिसकेको छ।

मतपत्रको पहिलो कोलममा अध्यक्ष/प्रमुख, दोस्रोमा उपाध्यक्ष/उपप्रमुख, तेस्रोमा वडाध्यक्ष, चौथोमा महिला वडा सदस्य, पाँचौंमा दलित महिला वडा सदस्य र छैटौंको दुई कोलममा वडा सदस्य दुई जना उम्मेदवारको निर्वाचन चिह्न राखिएको छ।

प्रत्येक मतदाताले आफूलाई मन परेका उम्मेदवारको कोठाभित्र स्वस्तिक छापद्वारा मत संकेत गर्नुपर्छ। स्वस्तिक छाप र मसी प्रत्येक मतदान केन्द्रमा व्यवस्था गरिएको हुन्छ। मतदाताले अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, महिला वडा सदस्य, दलित महिला वडा सदस्य र वडा सदस्य दुई जना गरी सात जनालाई मात्र मतदान गर्न पाउँछन्।

कुनै एक पदका लागि एकभन्दा बढी चिह्नमा मत संकेत गरे त्यस्तो मत बदर हुन्छ।

दुई वटा चिह्नको बीचमा, कोठा बाहिर र लत्पतिने गरी छाप लगाएमा मत स्वतः बदर हुन्छ।

यसैगरी स्वस्तिक छापको सट्टा औँठा छाप लगाएमा, मतपत्रमा केरमेट गरेमा, कुनै चिह्न कोरेमा, मतदान अधिकृतको हस्ताक्षर नभएको मतपत्र प्रयोग गरेमा र मतपेटिका बाहिर मत खसालेमा त्यस्तो मत बदर हुने आयोगले जनाएको छ।

मतदाताले मतदान केन्द्रमा राखिएको गोप्य मतदानस्थलमा गई आफूलाई मन परेको उम्मेदवारको चिह्नमा स्वस्तिक छाप लगाई, छापको मसी नलतपतिने गरी पटचाएर मतपेटिका खसाल्नुपर्छ। *रासस*




### मत बदर हुने अवस्थाहरू:

**१) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको**
**२) औँठाछाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक चिह्नबाहेक अन्य चिह्न वा छाप लगाई मतसंकेत गरिएको**
**३) मत संकेत चिह्न नबुझिने गरी लत्पतिएको वा च्यातिएको**
**४) उम्मेदवारको निर्वाचन चिह्न रहेको कोठामा मत संकेत नगरी अन्यन्त्र मत संकेत गरिएको**
**५) उम्मेदवार नरहेको निर्वाचन चिह्नमा मत संकेत गरिएको**
**६) कुनै पनि उम्मेदवारको निर्वाचन चिह्नमा मत संकेत नगरिएको**
**७) निर्वाचित गर्नुपर्ने संख्या वा बढी उम्मेवारको निर्वाचन चिह्न भएको कोठामा छुट्टा–छुट्टै मतसंकेत गरिएको**
**८) मत संकेत नगरी मतदान अधिकृतलाई मतपत्र फिर्ता दिएको**
**९) आयोगद्वारा निर्धारित मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको**
**१०) मतपेटिका भन्दा बाहिर राखिएको**
**११) जाली मतपत्र**

# बोडेको कमलपोखरीमा ५० वर्षपछि कमलको फूल

■ **रमेश गिरी**

**भक्तपुर–** वरिपरि लामोलामो झाडी। बीचमा दबदबे हिलो। त्यसमाथि घाँसैघाँस। डिलमा जथाभावी फालिएको फोहोर।

तीन वर्ष अघिसम्म त्यस्तै दृश्य देखिने मध्यपुरथिमि नगरपालिका-८ बोडेस्थित ऐतिहासिक पलिस्वाँ पुखुः अर्थात् कमलपोखरीमा अचेल कमलको फूल फक्रेको देखिन्छ।

व्यक्तिका नाममा दर्ता भई पटक-पटक किनबेच भएको ऐतिहासिक यो पोखरीले आफ्नो स्वरूप लेला भन्ने कल्पना पनि नगरेका यहाँका बासिन्दा यतिखेर खुसी छन्। आफ्नै टोलको यस पोखरीमा झण्डै ५० वर्षपछि कमलको फूल फुलेको देख्दा मनै फुरुंग भएको स्थानीयवासी शकुन्तला श्रेष्ठ बताउँछिन्।

शनिबार बिहान पोखरीको बारमा समातेर कमलको फूल हेर्दै गरेकी उनले भनिन्, 'दबदबे चौरमा परिणत भएको यो पोखरी फेरि सुन्दर होला, यसरी कमलको फूल फुल्ला, डुंगा चढ्न पाइएला भनेर कल्पना पनि गरेको थिइनँ, तर अहिले पोखरीले पुनर्जीवन पाएर फूल फुलेको देख्दा खुसी लागेको छ।'

'गरे के सकिँदैन रैछ र?, स्थानीयवासीको साथ र जनप्रतिनिधिको चाहना भए असम्भव पनि सम्भव हुँदोरहेछ भन्ने नमूना बन्यो यो पोखरी। पोखरीनजिकैको कुमारी मन्दिर र पार्कले बोडेको पहिचान नै फेर्‍यो। हामी खुसी छौँ,' बोडेका वीरेन्द्र जयनाले भने।

तत्कालीन बोडे गाउँ पञ्चायत-६ कित्ता नं १ को यस पोखरीले ओगटेको १५ रोपनी नौ आना सार्वजनिक जग्गा २०४२ साल असार ३१ गते कान्छी पोडेनीको नाममा दर्ता भई २०५१ साल माघ २२ गते मनाङका ग्ल्याल्पो गुरुङ, तेञ्जी शेर्पेनी, कर्सी जद्योना गुरुङसहित विभिन्न व्यक्तिका नाममा किनबेच भएपछि पोखरी सम्याएर घरेडी बनाउन डोजर आएपछि बल्ल स्थानीयवासीले पोखरी बिक्री भएको चाल पाए र विरोधमा उत्रिए।

त्यसपछि यहाँका बासिन्दाले संघर्ष समिति नै गठन गरेर नगरपालिकासहितको सहयोगमा गरिएको उजुरीमा भक्तपुर जिल्ला अदालतले २०७५ असार १९ गते उक्त कमलपोखरी सार्वजनिक सम्पत्ति भएको आदेश दिएपछि पोखरीको संरक्षणमा नगरपालिका जुट्यो। उक्त आदेशको भोलिपल्टै मध्यपुरथिमि नगरपालिकाले डोजरको सहायतमा पोखरीमा सफा गरी ७५ लाख रूपैयाँको लागतमा संरक्षणका कार्य गरिएको पूर्वनगरप्रमुख मदनसुन्दर श्रेष्ठ बताउँछन्। नगरपालिकाले पोखरीलाई ऐतिहासिक स्वरूपमै पुनःनिर्माण गरेको छ। पोखरीमा दाँची अप्पा, माँअप्पा र इँटाको प्रयोग गरेर कलात्मक शैलीमा पुनःनिर्माण गरी वरिपरि बार लगाइएको छ। पोखरीमा रोपिएको कमलको बिरुवाबाट फूल फुल्न थालेको छ भने नगरपालिकाले आन्तरिक पर्यटनको विकासका लागि पाँच लाख रूपैयाँको लागतमा दुईवटा डुंगा सञ्चालनमा ल्याउनाका साथै दुई हजार माछाको भुरा पनि छाडेको छ।

पोखरीको वरिपरि निर्माण भएको १० फिट चौडाइको ढलानसहितको फुटपाथ त्यसमाथि पोखरीको डिलमा तेलिया इँटा छापेर खाली खुट्टाले पनि हिँड्न मिल्ने बनाइएको नगरप्रमुख श्रेष्ठ बताउँछन्।

यहीँ पोखरीमा फुलेको कमलको फूल यहीँको लायकू दरबारमा दसैंमा तलेजुलाई चढाउने, कमलको पातमा तलेजुको पुजारीले भोज खानुपर्ने, साउनमा हुने नीलबाराही नाचमा यहीँको फूल चढाएर जात्रा चलाउने र जिब्रो छड्ने जात्रा चलाउने ५० वर्ष अगाडिको परम्परालाई नगरपालिकाले यसै वर्षदेखि सुरु गरेको कार्यले संस्कृति र परम्पराको जगेर्ना हुनाका साथै विगतमा छुटेका सबै धार्मिक परम्परा अब सञ्चालन गर्न सकिने उनको भनाइ छ। पोखरीनजिकै नगरपालिकाले पुनःनिर्माण गरेको कुमारी मन्दिर र कुमारी पार्कले यहाँ आन्तरिक पर्यटनको मुख्य गन्तव्य बन्न पुगेको छ। *रासस*

# उपत्यकाको फोहोर १४ दिनपछि व्यवस्थापन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** उपत्यकाको फोहोर व्यवस्थापनको काम शनिबारबाट पुनः सुरु भएको छ। पासाङल्हामु राजमार्गअन्तर्गतका स्थानीयको निरन्तरको अवरोधपछि सुरक्षाकर्मीको सहयोगमा व्यवस्थापनको काम सुरु भएको हो।

स्थानीयसँगको छलफलमा सहमति नजुटेपछि काठमाडौं महानगरपालिकाको पहलमा ३०० सुरक्षाकर्मी खटाएर १४ दिनदेखि रोकिएको काठमाडौं उपत्यकाको फोहर व्यवस्थापन कार्य सुरु गरिएको छ। पासाङल्हामु राजमार्ग मर्मतको जिम्मा पाएको निर्माण कम्पनीले समयमा नै काम सम्पन्न नगरेको भन्दै स्थानीयले उक्त स्थान भएर फोहरको गाडी जान नदिँदा काठमाडौंका १८ स्थानीय तहको फोहर सडकमा नै थियो। पटक-पटकको छलफलमा पनि स्थानीयसँग सहमति जुट्न नसकेपछि कामपाले गृह मन्त्रालयको सहयोगमा मुड्कुखोलादेखि तीनपिप्लेसम्मको सडकखण्डमा उक्त संख्यामा सुरक्षाकर्मी खटाएको हो। पछिल्लो समय यही वैशाख ११ गतेदेखि पुनः काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहर व्यवस्थापन कार्य रोकिएको थियो। हाल फोहर बिसर्जन गरिएको स्थान नुवाकोटस्थित सिसडोलसम्म पुग्ने बाटो मर्मतको काम समयमै नगरेको भन्दै पासाङल्हामु राजमार्गका बासिन्दाको अवरोधका कारण सडकमै फोहर रोकिएको हो।

फोहर विसर्जनका लागि दीर्घकालीन समाधानका प्रयास हुन नसक्दा र लामो समयसम्म सडकमा नै फोहोर रहँदा समस्या सुरु भएकाले सुरक्षाकर्मीको सहयोगमा व्यवस्थापन कार्य गरिएको कामपा वातावरण विभागकी प्रमुख सरिता राईको भनाइ छ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ वैशाख २५ गते आइबार (तिथिः सप्तमी, नक्षत्रः पुष्य, शुक्लपक्ष)

| | |
|---|---|
| **मेष** | दैनिक कार्यमा प्रगति हुनेछ। |
| **वृष** | समय व्यर्थमा बित्नेछ। |
| **मिथुन** | दैनिक आय राम्रो रहनेछ। |
| **कर्कट** | सबै कार्यमा धैर्यता जरुरी हुनेछ। |
| **सिंह** | मुद्दा मामिलामा सफलता मिल्नेछ। |
| **कन्या** | काममा अनुकूल प्रगति हुनेछ। |
| **तुला** | आमाबुबालाई लाभको योग छ। |
| **वृश्चिक** | स्वास्थ्यमा ध्यान दिनुहोला। |
| **धनु** | जनसम्पर्क बढ्नेछ। |
| **मकर** | लामो यात्रा सफल हुनेछ। |
| **कुम्भ** | अनावश्यक खर्चले अशान्ति निम्त्याउनेछ। |
| **मीन** | आकस्मिक धनलाभ हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

वैशाख २५ गते, २०७९, ८ मे २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**उम्मेदवारका कुरा सुन्दै स्थानीय** | कैलालीको टीकापुर जेसिसले शनिबार आयोजना गरेको स्थानीय तहको निर्वाचनमा 'टीकापुर नगरपालिकाका मेयर र उपमेयर पदका उम्मेदवारहरूसँग ककस कार्यक्रम' मा उपस्थित स्थानीयहरू । *तस्बिरः रासस*

# एमालेका कारण नागरिकता समस्या समाधान भएन : अध्यक्ष दाहाल

**■ प्रभाव संवाददाता**

**धनुषा–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले नेकपा एमालेका कारण नागरिकताको समस्या समाधान हुन नसकेको बताएका छन् ।

शनिबार धनुषाको मिथिला नगरपालिकास्थित ढल्केबरमा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै उनले अहिले एमालेले सामन्ती र राजावादी तत्वसँग गठबन्धन गरेको भन्दै दाहालले एमालेले समानुपातिक, समावेशी सिद्धान्त र संघीयता विरोधीसँग गठबन्धन बनाएको टिप्पणी गरे । 'आउने निर्वाचन खाली एउटा सामान्य निर्वाचन होइन, जनताले जित्ने कि जनताको बैरीले जित्ने भन्ने लडाईं हो,' उनले भने ।

उनले मधेसी जनताको माग अनुसार विगतमा आफू प्रधानमन्त्री हुँदा संविधान संशोधन प्रस्ताव संसदमा पेश गर्दा एमालेकै कारण असफल भएको बताए ।

एमालले संसद् चल्न नदिएका कारण नागरिकताको समस्या समाधान नभएको उनको भनाई थियो ।

उनले एमालेले नै संसद् चल्न नदिएको कारण नागरिकता सम्बन्धि बहस संसद्मा हुन नसकेको र त्यसैले नागरिकताको समस्या समाधान गर्न ढिला भइरहेको गुनासो गरे ।



अध्यक्ष दाहालले बुवाआमाको नागरिकता भएर पनि छोराछोरीको नागरिकता प्राप्त गर्न नसक्नु गम्भिर विषय भएको भन्दै अदालतले अध्यादेश ल्याएर हैन संसद्को अधिवेशन भित्रैबाट छलफल गरेर नागरिकताको समस्या हल गर्ने बताए । उनले भने, 'अब सदन खुल्ने बित्तिकै सबैभन्दा पहिले एमालेले माने पनि नमाने पनि नागरिकताको समस्या समाधान गर्नेछौं ।' उनले यसलाई सदनबाट नै सम्बोधन गर्ने बताए ।

उनले मधेसी जनताको अधिकारका निम्ति अन्तिमसम्म पनि संघर्ष गरिरहने बताए । उनले मधेस र मधेसी जनताले सुखदुःखको साथी माओवादी केन्द्र नै भएकाले उनले मधेसी जनताकै मत पाएर आफू दोस्रोपटक प्रधानमन्त्री बन्न सकेको बताए ।

अध्यक्ष दाहालले २०७० को निर्वाचनमा मधेसबाटै लडेको र मधेसी जनसमुदायको मत पाएरै आफू निर्वाचित भएको पनि स्मरण गराउँदै भने, 'मैले २०७० को निर्वाचन मधेसबाटै लडें, मधेसी जनसमुदायको मत पाएरै निर्वाचित पनि भएँ र दोस्रोपटक प्रधानमन्त्री पनि मधेसी जनताको मतकै कारणले भएँ । अब हामी तेस्रो निर्वाचन प्रक्रियामा प्रवेश गर्दैछौं, यो निर्वाचनमा मधेसले नयाँ रेकर्ड, नयाँ उदाहरण पेश गर्नुपर्नेछ ।'

## १७ जिल्लामा...

पृष्ठ १ बाट जारी

गरे । आयोगका आयुक्त एवं केन्द्रीय अनुगमन समितिका संयोजक ईश्वरप्रसाद पौडचालले 'सानो तर स्मार्ट' अनुगमन टोली खटाइएको बताउँदै कुनै दलले जित्ने वा हार्ने बाहनामा गणना कार्य रोकाउन नहुने र तोकिएको समयमा कुनै दल र उम्मेदवारका प्रतिनिधि बस्न नआए पनि गणना प्रक्रिया सुरु गराउन आग्रह गरे ।

**एक लाख ४५ हजार उम्मेदवार**

निर्वाचन कार्यतालिकाअनुसार यही वैशाख ११ र १२ गते भएको मनोनयनपत्र दर्तामाथि जाँचबुझ, फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशनको प्रक्रिया पूरा भएपछि १७ गते निर्वाचन चिह्न प्रदान गरिएको थियो । कूल ७५३ स्थानीय तहका ३५ हजार २२१ पदका लागि लागि एक लाख ४५ हजार १३ को उम्मेदवारी परेको छ । निर्वाचनमा एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता छन् । निर्वाचनका लागि २१ हजार ९५५ मतदान केन्द्र र १० हजार ७४३ मतदानस्थल तोकिएको छ ।

**अन्य दलको झण्डा प्रयोग नगर्न आग्रह**

निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचनको सन्दर्भमा सम्बन्धित दल तथा सम्बन्धित दलका उम्मेदवारबाहेक अन्य उम्मेदवारले समेत निर्वाचन प्रचारप्रसारको सिलसिलामा अन्य दलको झण्डा प्रयोग नगर्न आग्रह गरेको छ । त्यसरी झण्डा प्रयोग गरेको भनी विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत आएको समाचार तथा सो सम्बन्धमा परेको उजुरीका विषयमा आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलको झण्डा तथा चिह्न अरू कसैले प्रयोग गर्न नपाउने गरी संरक्षण तथा निर्वाचन आचारसंहिता, २०७८ बमोजिम तीन बाइ तीन फिटको दलको झण्डा र सोही नापको चुनाव चिह्न प्रयोग गर्न आयोगले भनेको छ ।

## संक्षिप्त

### ज्यानसम्बन्धी कसूरमा संलग्न फरार प्रतिवादी पक्राउ

**सप्तरी (प्रस)–** ज्यान सम्बन्धी कसूरमा संलग्न रही फरार रहेका प्रतिवादी रूपनी गाउँपालिका-१ रूपनी चौक बस्ने ३८ वर्षीय मो.नाजिर भन्ने मो.नसिर मियाँलाई प्रहरीले पक्राउ गरेको छ ।

शम्भुनाथ नगरपालिका-१ खाडो खोला नजिक सार्वजनिक पोखरीमा २०७८ असोज ९ गते बिष्णुपुर गाउँपालिका-५ कट्टी गाउँ टोल बस्ने ५० वर्षीय राम सुन्दर महतोको शव फेला परेको घटनाको अनुसन्धानको क्रममा मियाँ समेतले रामसुन्दर महतोलाई २०७८ असोज ८ गते घरबाट भोजमा खाना बनाउने बहानामा बोलाई हत्या गरेको खुल्न आएको हो ।
साथै वारदात मितिबाटै फरार रहेका मियाँलाई जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरीले बोदेबरसाईन नगरपालिका-५ बाट फेला पारी पक्राउ गरेको हो ।

साथै मो.नसिर मियाँ तत्कालिन जनतान्त्रिक तराई मुक्ति मोर्चा गोईत समूहमा आवद्ध रही विभिन्न निर्माण कम्पनीका ठेकदार तथा धनाढ्य व्यक्तिहरूलाई फोन गरी धम्काई चन्दा असुली गर्ने, अवैध लागूऔषध व्यापार गर्ने, लुकाई छिपाई हतियार साथमा बोकी हिड्ने जनमानसमा डरत्रासको वातावरण सृजना गर्ने जस्ता अपराधिक समूहमा संलग्न रहेको खुल्न आएको छ ।

उनी उपर जिल्ला अदालत सप्तरीबाट म्याद थप अनुमती लिई थप अनुसन्धान कार्य भइरहेको छ ।

त्यस्तै बैतडी, डिलाशैनी गाउँपालिका-७ मनकुडा बस्ने २८ वर्षीय श्याम बहादुर ऐरको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३० वर्षीय बीरेन्द्र बहादुर ऐरलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

खानेपानीको बिषयलाई लिएर बीरेन्द्रले बाउसो प्रहार गर्दा श्याम गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी धामिगाउँ र ईलाका प्रहरी कार्यालय पाटनबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । गम्भीर घाइते श्यामको स्थानीय स्वास्थ्य चौकी हुँदै गोकुलेश्वर अस्पताल दार्चुलामा थप उपचारको क्रममा मृत्यु भएको थियो ।

### १३ लाख बराबरको सुनसहित पक्राउ

**सर्लाही (प्रस)–** सर्लाही जिल्लाको मलंगवा नगरपालिका-९ स्थित हुलाकी खडकखण्डबाट शुक्रबार प्रहरीले करीव १२ लाख ९८ हजार बरारबको सुनको गहनासहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सोही जिल्लाको लालबन्दी नगरपाकिला-४ घर बताउने मिश्रण अन्सारी छन् ।

भेल्हीबाट मलंगवातर्फ आउँदै गरेको ना २३ प ४४२७ नम्बरको मोटरसाईकलमा सवार निज अन्सारीलाई सशस्त्र प्रहरी बल नेपाल बिओपी मलंगवाबाट खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनको साथमा उल्लेखित मुल्य बराबरको सुनको बिस्कुट १ थान, औंठी १ थान, सिक्री २ थान, झुम्का १ सेट, नथिया १ थान, टिका १ थान र ५ सय ५९ वटा बल्व फेला पारेको हो । त्यसवेला उक्त मोटरसाईकल समेत बरामद गरिएको छ ।

पक्राउ परेका अन्सारीलाई बरामद सुनको गहना तथा मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि भन्सार कार्यालय मलंगवामा बुझाईएको छ । उक्त मोटरसाईकलको भन्सार दाखिला मुल्य १ लाख रहेको छ ।

## देश दौडाहामा...

पृष्ठ १ बाट जारी

'जनताले पाँच वर्षका लागि चुनेको संसद्लाई भंग गरिदिने । अहिलेको नेपालको जुन संविधान छ, यसमा प्रधानमन्त्रीले जथाभावी भंग गर्न पाउँदैन । तर, ओलीजीले भंग गरिदिनुभयो । फेरि अदालतले न्याय गरेर पार्लियामेन्ट (संसद्) फिर्ता गरिदियो । तर, चल्न दिनुभएको छैन,' देउवाले भने ।

उनले गठबन्धनभित्र कुनै किसिमको आशंका उत्पन्न हुने कुरा आफ्नो पार्टीले गर्न नहुनेमा सचेत गराए । नेपाली कांग्रेसको महाधिवेशनले पनि गठबन्धनलाई अगाडि बढाउने भनेर निर्णय गरेको उनले दोहोऱ्याए ।

यता, कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले नेपालको वर्तमान संविधान जोगाउन र नेपालको विकास गर्नका लागि गठबन्धन आवश्यक रहेको बताएका छन् । तनहुँको दमौलीमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै नेता पौडेलले गठबन्धन लामो समय कायम रहने बताएका हुन् । समाजसेवी र जनताको घरघरमा पुग्ने व्यक्तिले चुनाव जित्ने गरी वातारवण सिर्जना गरेर राष्ट्र बचाउनुपर्ने आजको मुख्य मुद्दा बनेको पौडेलको भनाइ छ । गठबन्धनका उम्मेदवारलाई मत दिएर लोकतन्त्रको रक्षा गर्न पनि उनले मतदातालाई आग्रह गरे ।

**नागरिकता विधेयक पास गर्ने वाचा**

सत्तारुढ गठबन्धनको अर्को प्रमुख दल माओवादी केन्द्रका अध्यक्ष दाहालले अब सदन खुलेपछि एमालेले अवरोध जारी गरे पनि नागरिकता विधेयक पास गर्ने बताएका छन् । शनिबार चुनावी सभामा सम्बोधन गर्न धनुषाको ढल्केवर पुगेका उनले मधेस र पहाडमा नागरिकताको समस्या रहेको भन्दै अब निकास खोज्ने विश्वास दिलाएका हुन् ।

'एमालेले अलोकतान्त्रिक तरिकाले संसद् विघटन गर्ने, अनि संसद् स्थापित भइसकेपछि चल्न नदिने गरेको छ,' दाहालले भने, 'यस्तो निरंकुश चरित्र कायम रह्यो भने अब सदन चल्दा उनीहरूले माने पनि नमाने पनि, उनीहरूले नाराबाजी गरी नै रहे पनि यो नागरिकताको विषय समाधान गरिनेछ । यो विश्वास म दिलाउन चाहन्छ ।'

नागरिकता विधेयक २०७५ साउन २२ गते संसद् सचिवालयमा दर्ता भएको थियो । सो विधेयक साउन २८ गते प्रतिनिधिसभामा प्रस्तुत भएको थियो । २९ गते सामान्य छलफल भई २०७५ भदौ ५ गते राज्य व्यवस्था समितिमा पुगेको थियो । अनेक छलफलपछि २०७७ असार ७ गते समितिले बहुमतबाट विधेयक प्रतिवेदन पारित भयो । त्यसपछि ९ गते संसद्को पूर्ण बैठकमा प्रतिवेदन पेस भयो । तर, त्यसलाई सदनबाट पारित गर्नुभन्दा तत्कालीन प्रधानमन्त्री ओलीले दोस्रो पटक प्रतिनिधिसभा विघटन गरेको दोस्रो दिन अर्थात् २०७८ जेठ ९ गते नागरिकता अध्यादेश जारी गरे । त्यसविरुद्ध परेको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको थियो ।

अदालतको आदेशकै कारण अध्यादेशबाट नागरिकताको समस्या समाधन गर्न नसकिने दाहालको भनाइ छ । कार्यक्रममा दाहाल एमालेप्रति निकै आक्रोशित सुनिए । एमालेले गरिरहेको संसद् अवरोधलाई उनले ज्यादती र अत्याचार गरेको भन्दै उसले निरंकुशतावादी र तानाशाही चरित्र देखाएको आरोप लगाए । 'जसले हिजो असंवैधानिक र अलोकतान्त्रिक ढंगले संसद् विघटन गऱ्यो । तिनै तत्त्वहरू, त्यही एमाले गुटले नै संसद् चल्न दिएको छैन । संसद्मा बहस हुन दिएको छैन । त्यसकारण यो नागरिकताको समस्या ढिलो भइरहेको छ,' दाहालले भने ।

**पहिलो कदममै गल्ती नगर्न ओलीको आग्रह**

एमाले अध्यक्ष ओलीले नयाँ मतदातालाई पहिलो कदममै गल्ती नगर्न आग्रह गरेका छन् । चुनावी सभालाई सम्बोधन गर्न शनिबार इटहरी पुगेका ओलीले नयाँ मतदातालाई लक्षित सम्बोधन गरे । सम्बोधनमा ओलीले नयाँ मतदातालाई सूर्यमा भोट गरेर एमालेलाई जिताउन आग्रह गरे ।

'तपाईंले यो पहिलो कदममा गल्ती गर्नु हुँदैन । गल्ती नगर्नु भनेको एमालेमा भोट गर्नु हो । सूर्यमा भोट गर्नु हो,' ओलीले भने । उनले एमालेको तत्कालीन सरकारले सुरु गरेको वृद्धभत्ता कार्यक्रमले मान्छेहरूमा बाँच्ने मनोवल बढाएको पनि दाबी गरे । ७२ वर्षको भएका बेला भेटेको मान्छेले 'बुढो भइसकियो अब कति बाँचिएला भनेता पनि वृद्धभत्ता सुरु भएपछि ७४ को हुँदा पनि ७५ पुगेर वृद्धभत्ता खान्छु,' भनेको ओलीको भनाइ छ ।

'मानिसको बाँच्ने इच्छा, बाँच्ने मनोबलसमेत एमालेले जगाएको छ । अब त वृद्धभत्ता नसटाइकन, वृद्धभत्ताको प्रयोग नगरिकन कोही पनि मर्ला भन्ने चिताउँदै चिताउँदैनन् । कमसेकम ७५, ८०, ८५, ९०, ९५, १०० वर्ष त मामुली कुरा हो ?,' उनले भने ।

# सगरमाथा आरोही कल्पनालाई कदम पुरस्कार

**■ प्रभाव संवाददाता**

**ललितपुर–** ललितपुरकी सगरमाथा आरोही कल्पना महर्जन कदम पुरस्कार २०७९ बाट सम्मानित भएकी छन् ।

जोशी रिसर्च इन्ष्टिच्युट्को आयोजनामा सम्पन्न कार्यक्रममा कीर्तिमानी सगरमाथा आरोही महर्जन सम्मान गरिएको हो । घरगृहस्थी, पर्यटन पत्रकारितादेखि सगरमाथाको टाकुरासम्म पुगेर नेपाली समाजमा नारीको पहिचान अन्तरास्ट्रियस्तरमा पुयाउन सफल महर्जनको सफल कदमप्रतिको सम्मानस्वरूप उक्त पुरस्कार प्रदान गरिएको कार्यक्रममा बताइयो ।

पूर्व उपप्रधानमन्त्री तथा सांसद प्रकाशमान सिंहले महर्जनलाई दोसल्ला ओढाइ, ताम्र-सम्मानपत्र र २५ हजार नगदसहित उक्त पुरस्कारबाट सम्मानित गरिएको हो । कार्यक्रममा सिंहले नेपाली समाजको विकासमा महिलाको इच्छाशक्ति सबल रहेमा पत्रकारिता, साहसिक पर्यटनलगायत अन्य क्षेत्रमा पनि पुरुषभन्दा बढी गुणस्तरीय कार्यमा प्रेरणा बन्न सक्छिन् भन्ने उदाहरण कल्पना महर्जन बनेको बताए ।



सम्मान ग्रहण गर्दै कीर्तिमानी कल्पनाले पर्यटन पत्रकारिता दौरान संस्कृतिविद् जोशीको सामिप्यता आभास पाएको बताउँदै सगरमाथा आरोहणको आँट गर्दादेखि नै हरिराम बा हर्षित भएको बताइन् । आफूले हासिल गरेको सफलताको कडीमा परिवार, अग्रजहरूको आशिर्वादसँगै दोस्रो पटकको आरोहण प्रयासदेखि हालसम्म गतिविधिमा व्यवस्थापन एक्स्पिरियन्स आउटडोरका अध्यक्ष रविन्द्र महर्जनलगायत सबै सहयोगीप्रति उनले आभार व्यक्त गरिन् । कार्यक्रममा बालविवाह रोकथामको लक्ष्य अभियानसमेत संक्षिप्तमा समेटिएको उनको कथाबारे डक्युमेन्ट्री पनि सो कार्यक्रम प्रदर्षण गरिएको थियो ।

### चटयाङ लागेर मृत्यु

**ओखलढुङगा (प्रस)–** लिखु गाउँपालिका-८ टारकेराबारी बस्ने ४४ वर्षीय देव बहादुर दर्जीको चटयाङ लागेर बुधबार मृत्यु भएको छ । देव बहादुर र सोही ठाउँ बस्ने ४० वर्षीय मेघ बहादुर दर्जी घर नजिकै रहेको चौतारामा बसिरहेको अवस्थामा पानी सगै परेको चटयाङ लागि दुवै जना अचेत अवस्थामा रहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी गामनाङटारबाट खटिएको प्रहरीले घाइतेहरूलाई उपचारको लागि तामाकोशी अस्पताल रामेछाप पठाएकोमा उपचारको क्रममा देव बहादुर दर्जीको मृत्यु भएको हो ।


## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**तेस्रोपटक प्रकाशित मितिः २०७९/०१/२५**

शेर्पा सेवा केन्द्र बौद्ध टुसालको धर्मशाला संचालन गर्न लज तथा होटेल सम्बन्धि अनुभव भएका तपसिलमा उल्लेख भएको कर्मचारी आवश्यक भएकोले प्रकाशित मितिबाट ३० दिन भित्र यस शेर्पा सेवा केन्द्रमा निवेदन दिनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | पद | आवश्यक संख्या |
|---|---|---|
| १. | Manager / Accountant | २ |
| २. | House Keeping | १ |

**शेर्पा सेवा केन्द्र**
**बौद्ध, टुसाल**
**सम्पर्कः ०१–४४९७७४०**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ठगीधन्दा बन्द गर

स्वदेशमा रोजगारीका अवसर नहुँदा मानिसहरू वैदेशिक रोजगारीमा जाने गर्छन् । यो क्रम कहिलेसम्म चल्ने थाहा छैन । स्वदेशमै रोजगारीका प्रशस्त अवसर हुँदा पक्कै पनि विदेशिने रहर कसैलाई हुने थिएन । रोजगारीका लागि विदेशिनु रहर नभएर कहर हो भन्न तथ्य जगजाहेर नै छ ।

स्वदेशमै रोजगारीको अवसर पाउँदा आफ्नो परिवारसँग बसेर सुख, दुःख साट्दै दुई/चार पैसा भए पनि यतै कमाइ हुन्थ्यो । जसले गर्दा दैनिक जीविका त चल्थ्यो नै, आफ्ना सन्तान र परिवारबाट टाढिएर कैयौं टाढा समुद्रपारि पुग्नुपर्ने बाध्यता हुने थिएन ।

तर, बिडम्बना यही बाध्यतामाथि ठगीको घन बजारिदिन्छन् कोही । यसैको उदाहरणको रूपमा लिन सकिन्छ वैदेशिक रोजगार विभागले हालै वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता गरेका मुद्दा । कानुनविपरीत वैदेशिक रोजगारीमा पठाउने धन्दा चलाउँदै आएको इन्टरनेसनल एक्स्पो एण्ड ट्राभल सर्भिस प्रालिविरुद्ध विभागले बिहीबार मुद्दा दायर गऱ्यो । पर्यटन व्यवसाय सञ्चालन गर्न अनुमति पाएको उक्त कम्पनीले वैदेशिक रोजगारीका लागि माल्टा पठाउने नाममा विभिन्न व्यक्तिहरूबाट डेढ करोड रूपैयाँभन्दा बढी रकम लिएर ठगी गरेको पाइएको हो ।

विभागको अनुसन्धानबाट १२२ जनाबाट एक करोड ६४ लाख आठ हजार रूपैयाँ ठगी गरेको पुष्टि भएको छ । उक्त कम्पनीले वैदेशिक रोजगारीमा श्रमिक पठाउने इजाजत नलिई वैदेशिक रोजगार ऐन–२०६४ को दफा ४३ विपरीतको कसूर गरेको अभियोगसहित विभागले न्यायाधिकरणमा मुद्दा दायर गरेको हो ।

यसैगरी, वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा अर्का दुईजनाविरुद्ध पनि विभागले न्यायाधिकरणमा मुद्दा दर्ता गरेको छ । बिहीबार दायर गरिएको उक्त मुद्दामा कास्कीकी सदीक्षा गुरुङ र उनकी आमा खिनसोभा गुरुङले एक व्यक्तिबाट ४१ लाख ५० हजार रूपैयाँ ठगी गरेको उल्लेख छ ।

विभागका अनुसार विभागमा परेको जाहेरीमाथि अनुसन्धान गर्नेक्रममा अभियुक्त सदीक्षा गत चैत २४ गते पक्राउ परिसकेकी छन् । सदीक्षा र खिनसोभाले पोखराका कुमार गुरुङलाई क्यानडा पठाइदिने नाममा ४१ लाख ४२ हजार ५०० रूपैयाँ रकम लिएर ठगी गरेको विभागको अनुसन्धानले ठहर गरेको छ ।

विभागले ठगीको रकममा २० लाख ९१ हजार २५० रूपैयाँ हर्जनासहित ६२ लाख ७३ हजार ७५० रूपैयाँ असुल तथा कानुनबमोजिम कारबाही गर्नुपर्ने मागदाबीसहित वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको जानकारी दिएको छ ।

विभागले वैदेशिक रोजगारीका लागि विदेश पठाउने भन्दै ठगी गरेको अभियोगमा जेनिअस एजुकेसन एण्ड कन्सल्टेन्सी सर्भिसेस प्रालिका सञ्चालक सुजन भट्टराईलगायतविरुद्ध पनि वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको छ । शुक्रबार दायर गरिएको मुद्दामा भट्टराईसहितका अभियुक्तहरूले युरोपका पोर्चुगल, स्पेन, फ्रान्सलगायतका मुलुकमा वैदेशिक रोजगारीमा पठाउने भन्दै विभिन्न व्यक्तिबाट करिब तीन करोड रूपैयाँ ठगी गरेको विभागले उल्लेख गरेको छ ।

यसरी वैदेशिक रोजगारमा जान चाहनेहरूलाई ठगी गर्नु कानुनी रूपमा दण्डनीय त हुँदै हो, यो अपराध पनि हो । यस्ता अपराध कर्म गर्नेलाई कानुनबमोजिम हदैसम्मको सजाय हुनैपर्छ । वैदेशिक रोजगारमा पठाउने नाममा कुनै पनि प्रकारको ठगीधन्दा चलाउनु अक्षम्य हो । यसमा सरकार, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार न्यायाधिकरण सचेत बन्नैपर्छ । केही व्यक्तिको अपराधकर्मका कारण सिंगो वैदेशिक रोजगार व्यवसाय बदनाम हुनु हुँदैन । हुन दिनु हुँदैन ।

# आचारसंहिता उल्लंघनमा आयोगको कडाइ

▶▶ नारायण ढुंगाना

यही वैशाख ३० गते हुन लागेको स्थानीय तह निर्वाचनको तयारी अन्तिम चरणमा पुग्दै गर्दा निर्वाचन आयोगले आचारसंहिता उल्लंघनविरुद्ध पनि कडाइ गरिरहेको छ । दैनिकरूपमा निर्वाचन बुलेटिनमार्फत विविध सूचना सम्प्रेषण गरी जानकारी र चेतावनी दिँदै आएको आयोगले आफैं अनुगमनसमेत गरेर स्पष्टीकरण माग्ने तथा आचारसंहिताविपरीत भएका गतिविधि नियन्त्रण गर्ने काम गरिरहेको छ ।

आयोगले विभिन्न दल, मन्त्री, नेता तथा उम्मेदवारलाई समेत स्पष्टीकरण माग गर्दै आचारसंहिता कार्यान्वयन गर्न आदेश दिइरहेको छ । प्राप्त विवरणमा आचारसंहिता उल्लंघनका घटना भने ठाउँ-ठाउँमा भइरहेकै छन् । आयोगका अनुसार केही दिनअघि सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टलाई कैलाली जिल्लाको कैलारी गाउँपालिका-७ को मुक्त कमैया बस्तीमा निरीक्षणका क्रममा जाँदा पीडित परिवारलाई पाँच हजार रूपैयाँ राहत दिने प्रक्रिया अघि बढाएको भनी जानकारी आएपछि स्पष्टीकरण सोधिएको छ ।

निर्वाचन आचारसंहिता-२०७८ को परिच्छेद ३ को ५ मा सरकार, मन्त्री स्थानीय कार्यपालिका तथा पदाधिकारीले पालना गर्नुपर्ने आचारणको व्यवस्था छ । उक्त आचारसंहिताको ५ (क) मा त्यस्ता पदाधिकारीले कुनै पनि राजनीतिक दल तथा उम्मेदवारको पक्ष विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने उल्लेख छ ।

यस्तै वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भएकामाबाहेक अन्य कार्यक्रम गर्न वा नयाँ नीति योजना कार्यक्रम घोषणा गर्न स्वीकृत गर्न र सञ्चालन गर्न नहुने व्यवस्था रहेको छ । यस्तै कुनै योजनाको शिलान्यास उद्घाटन सर्वेक्षण, अध्ययन वा अनुदान दिनेजस्ता कार्यक्रम पनि गर्न नहुने व्यवस्था छ । नेकपा एमालेका तर्फबाट काठमाडौं महानगरको प्रमुखका उम्मेदवार केशव स्थापितले प्रतिस्पर्धी बालेन शाहका विषममा दिएको अभिव्यक्ति सञ्चारमाध्यमबाट र सामाजिक सञ्जालबाट जानकारी पाएपछि आयोगले उनलाई स्पष्टीकरण पेस गर्न निर्देशन दियो ।

यस्तै बागमती प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तानले स्थानीय तह निर्वाचनका उम्मेदवारको प्रचारप्रसारमा निरन्तर खटिएको भनी फोटोसहितको समाचार सार्वजनिक भएको जानकारी आएपछि उनलाई पनि




आयोगले स्पष्टीकरण दिन आदेश दिएको थियो । आयोगले यसरी आचारसंहिता उल्लंघन गरेका ३७ भन्दा बढी व्यक्ति तथा राजनीतिक दललाई स्पष्टीकरण सोधिसकेको छ । आयोगले गएको चैत २५ गतेदेखि नै आचारसंहिता लागू गरेको थियो । निर्वाचन आयोग ऐन २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आयोगले उक्त आचारसंहिता जारी गरेको हो ।

आयोगले विभिन्न राजनीति दललाई समेत स्पष्टीकरण सोधेको छ । यही २० गते नेपाली कांग्रेस केन्द्रीय प्रचारप्रसार समितिको नामबाट अर्को पार्टीका विषय जोडेर बनाइएको पर्चा सामाजिक सञ्जालमा देखिन आएकाले भन्दै त्यसको जवाफ माग गरेको थियो । 'उक्त सामग्री निर्वाचन आचारसंहिता २०७८ को दफा ४ को देहाय (ठ) र (ढ) विपरित देखिएकाले सो पर्चा सामाजिक सञ्जाल तथा अन्य स्थानबाट तुरुन्त हटाई सो सम्बन्धमा स्पष्ट गरी तीन दिनभित्र जवाफ उपलब्ध गराइदिनहुन आदेशानुसार अनुरोध गरिन्छ,' आयोगको पत्रमा भनिएको छ ।

यस्तै नेकपा माओवादी केन्द्रसँग पनि निर्वाचन आयोगले जवाफ माग गरेको थियो । निर्वाचन आचारसंहिता प्रतिकूल गतिविधि गरेको भन्दै आयोगले नेकपा माओवादी केन्द्र काठमाडौंसँग कलैया उपमहानगरपालिका-२३ का वडाध्यक्ष विक्रम साहलगायतका व्यक्तिले माओवादी केन्द्रको चुनाव चिह्न अंकित टिसर्टसहित प्रचारमा देखिएको समाचार आएको भन्दै स्पष्टीकरण मागेको थियो ।

यी त प्रतिनिधि घटना भए तर विभिन्न जिल्लामा समेत नेता, मन्त्री, उम्मेदवार र तिनका कार्यकर्ताबाट हुने उल्लंघनप्रति आयोग कडाइका साथ लागिरहेको छ ।

### दल, उम्मेदवार र तिनका भ्रातृ संगठनले पालना गर्नुपर्ने आचरण

निर्वाचन आचारसंहिताको परिच्छेद ४ मा राजनीतिक दल उम्मेदवार तथा दलका भ्रातृ संगठनले पालना गर्नुपर्ने आचारणबारे उल्लेख छ । सोही परिच्छेदको दफा १२ मा राजनीतिक दल उम्मेदवार तथा दलका भ्रातृ संगठनले सभा, सम्मेलन जुलुस, बैठक, भेला एवं निर्वाचन प्रचारप्रसार गर्दा सभ्य र अनुशासित भई गर्नुपर्ने उल्लेख छ ।

स्थानीय प्रशासनको अनुमतिविना सार्वजनिक स्थानमा जुलुस, सभा, बैठक, भेला गर्न नहुने, जुलुस, सभामा सहभागी व्यक्तिले निर्वाचन चिह्न वा झण्डा अंकित लोगो वा स्टिकर भएको कपडा, टोपी, भेस्ट, सर्ट ज्याकेट, कमिज, मास्क गम्छा, ब्याच वा लकेट लगाउन र झोला बोक्न नहुने उल्लेख छ । उम्मेदवारले ए-फोर साइजको कागजमा आफ्नो व्यक्तिगत पहिचानको विवरण खुलाइ वितरण गर्न बाधा पर्दैन । कसैको घर तथा सार्वजनिक स्थलमा दलको झण्डा, निर्वाचन चिह्न टाँस्न, राख्न नहुने तथा कुनै पनि संस्थालाई नगद, जिन्सी, अनुदान वितरण गर्न नहुने व्यवस्था छ । जुलुस, आमसभा तथा बैठक र प्रचारका कार्यक्रम बिहान ८ देखि साँझ सात बजेसम्म मात्र गर्नुपर्ने व्यवस्था छ ।

निर्वाचनका प्रयोजनार्थ ७५ ग्रामको कागजमा (३०० वर्ग इन्चसम्म) आकार भएको एउटै रङ र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्नुपर्नेछ । उम्मेदवारको कार्यालयमा तीन बाइ तीनको दलको झण्डा, सोही नापको चुनाव चिह्नबाहेक कुनै किसिमको डिजिटल बोर्ड फ्लेस राख्न र श्रव्यदृष्य सामग्री प्रदर्शन गर्न नपाइने व्यवस्था छ । भित्ते लेखनसमेत गर्न पाइँदैन । त्यस्तै निर्वाचन आयोगको अनुमति लिई उम्मेदवारले निर्वाचन क्षेत्र वा उम्मेदवार भएको क्षेत्रमा बढीमा दुई वटा दुईपांग्रे, वा तीनपांग्रे वा चारपांग्रे हलुका सवारीसाधन र त्यस्ता सवारी नचल्ने ठाउँमा बढीमा चार वटा घोडा प्रयोग गर्न सकिने व्यवस्था छ ।

आयोगले आफैं अनुगमन गरेर पनि आचारसंहिताविपरीतको गतिविधि नियन्त्रण गरिरहेको छ । केही दिनअघि आयोगको अनुगमन टोलीले काठमाडौंको केही ठाउँमा स्थलगत अनुगमन गरी राजनीतिक दलको झण्डा तथा निर्वाचन आचारसंहिता प्रतिकूल हुने सामग्री जफत गरेको छ । आयोगका सहसचिव तथा प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार आयोगको अनुगमन टोलीले काठमाडौंको रत्नपार्क, बागबजार, पुतलीसडक, टुँडिखेल, सहिदगेट, भोटाहिटी, घण्टाघर क्षेत्र वरिपरि गत शनिबार स्थलगत अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा सार्वजनिकस्थलमा रहेका राजनीतिक दलका झण्डा ३०० थान, सो क्षेत्रका विभिन्न पसलमा राखिएका दलका निर्वाचन चिह्न अंकित क्याप २०० थान, झोला दुई बण्डल (करिब १०० थान), टिसर्ट १० थान, दलको ब्यानर तीन थान जफत गरेको थियो । राजनीतिक दलका कार्यकर्ताले

**दैनिकरूपमा निर्वाचन बुलेटिनमार्फत विविध सूचना सम्प्रेषण गरी जानकारी र चेतावनी दिँदै आएको आयोगले आफैं अनुगमनसमेत गरेर स्पष्टीकरण माग्ने तथा आचारसंहिताविपरीत भएका गतिविधि नियन्त्रण गर्ने काम गरिरहेको छ । विभिन्न दल, मन्त्री, नेता तथा उम्मेदवारलाई समेत स्पष्टीकरण माग गर्दै आचारसंहिता कार्यान्वयन गर्न आदेश दिइरहेको छ । प्राप्त विवरणमा आचारसंहिता उल्लंघनका घटना भने ठाउँ-ठाउँमा भइरहेकै छन् ।**

निर्वाचन आचारसंहिता उल्लंघन गरेको सूचना आयोगलाई प्राप्त भएपछि सो क्षेत्रमा आयोगको अनुगमन टोली स्थलगत अनुगमन गरेको थियो । अनुगमनको काम जारी रहने आयोगको भनाइ छ । *रासस*

## मननयोग्य

### विदुर नीति

जसको रिस (क्रोध) र खुसी बेकार हुँदैन वा खेर जादैन अर्थात् रिसाउँदा खण्डर खुसी हुँदा पुरस्कार दिन सक्छ । भए रोका कामको स्वयं बारम्बार जाँच पडताल गर्दछ, जसलाई आफ्नो कोषबारे राम्रैसँग हेक्का रहन्छ, उसलाई आफ्नो राष्ट्रले (पृथ्वीले) राज्य-धन र ऐश्वर्य प्रदान गर्नेछ । अर्थात यस्ता गुण भएका राजाले नै लामो समयसम्म राज्य सञ्चान गर्न सक्तछ ।

राज्यले राजा भन्ने नाम र राजछत्र धारण गरेर सन्तुष्टि लिने गर्नुपर्दछ । राजकर्मचारीहरू र जनताका साथ मिलजुल गरेर अर्थात आफ्ना सहगोगी समेतमा बाँड फाँड गरेर ऐश्वर्य (सम्पत्ति) को उपभोग गर्नुपर्दछ अर्थात आफू एक्लैले ऐश्वर्य (सम्पत्ति) को उपभोग गर्नुहुँदैन । जुन राजाले आफैंले मात्र ऐश्वर्यको उपभोग गर्दछ, उसका कर्मचारीहरू नै उसका शत्रु बन्न थाल्छन् र राजालाई नै नष्ट गरिदिन्छन् ।

ब्राह्मणलाई चिन्ने ब्राह्मण नै हुन्छन् । स्त्रीलाई बुझ्नसक्ने उसको पति नै हुन्छ । मन्त्री कस्तो छ भनेर बुझ्ने राजा नै हुन्छन् । तात्पर्य यो हो की जसको जोसँग व्यवहार पर्दछ, पर्नेले मात्र राम्रोसँग सम्बन्धितलाई चिन्न सक्तछ ।

मार्नैपर्ने खालको शत्रु आफ्नो नियन्त्रणमा आइसकेपछि उसलाई त्यसै छाड्नुहुँदैन । यदि आफू स्वयम् निर्वल (कमजोर) छ भने त्यस शत्रुसँग आफैं नम्र भई उसका साथमा सही समययापन गर्नुपर्छ । उसलाई प्रतिष्ठा पनि दिने गर्नुपर्छ । जब आफू शक्तिशाली (सबल) होइन्छ, अनि मात्र उसलाई (शत्रुलाई) समूल (नष्ट) गरिदिनुपर्दछ । मार्न लायक शत्रुलाई समयमै मारिएन भने उसबाट आफूलाई खतरा भइरहन्छ अर्थात् उसले आफूसँग बदला लिएरै छाड्नेछ । **क्रमशः**

## पत्र-मञ्जुषा

# देउवा नेतृत्वमा अस्तव्यस्त सिंहदरबार र कांग्रेस

पछिल्लो समय सिंहदरबारमा अधिकांश माननीय मन्त्रीज्यूहरू भेटिँदैनन् । आफ्नो काम लिएर गएका सर्वसाधारणलाई मन्त्री भेट्न हम्मेहम्मे परेको छ । मन्त्रीहरू छिनका लागि सिंहदरबार आउँछन्, फेरि गायव । यता, प्रधानमन्त्री शेरबहादुर देउवा पनि तीन महिनादेखि सिंहदरबार गएका छैनन् । उनले मन्त्रिपरिषद्को बैठकसमेत प्रधानमन्त्रीनिवास, वालुवाटारबाट गर्दै आएको पाइन्छ । प्रधानमन्त्री नै आउँदैनन् भने हामी किन जाने ? भन्ने मनसाय मन्त्रीहरूमा देखिएको छ । मन्त्रीहरू मन्त्रालय जान छोडिसकेका छन् । आएका पनि एकछिन बस्छन्, फेरि दौडिहाल्छन् । सिंहदरबारभित्र धेरै मन्त्रालय छन् तर अधिकांशमा ' मन्त्री बाहिर' भनेर राखिएको हुन्छ । मन्त्रालयका कर्मचारीहरू 'भर्खरै हुनुहुन्थ्यो, बाहिर निस्किसक्नुभो' भन्ने बहाना बनाउँछन् ।

यतिखेर मन्त्रालयका कर्मचारीहरूलाई कसैको डरत्रास छैन । अधिकांश कर्मचारीहरू सामाजिक सञ्जालमा झुण्डिएका हुन्छन् । कोही खाजाघर त कोही राजनीतिक गफगाफमा । 'सरकारी काम, कहिले जाला घाम' भनेको यही नै रहेछ । दिनभरि गफ गर्ने, महिनामा तलब थाप्ने । सरकारले विदेशी ऋण लिएर भएपनि यिनीहरूलाई तलब खुवाइरहेको छ । भटाभट विदेशी ऋण स्वीकृत गरेर सरकारी कर्मचारीलाई मासिक तलब दिनुपरेको छ । नेपालीको थाप्लोमा ऋण बढेको बढ्यै छ । यता, सरकारी कर्मचारीहरू मख्खै परेका छन् । विनाकाम तलब खान पाएपछि मख्ख नपर्ने कुरा पनि रहेन । अहिले एउटा नेपालीको टाउकोमा ७० हजारभन्दा बढी विदेशी ऋण पुगिसकेको छ ।

ऋण दिने विदेशी छँदै छन्, बोकिदिने नेपाली । अनि सरकारलाई के चाहियो ? सरकारी कर्मचारीलाई तलबभत्ता र सेवासुविधा भए भइहाल्यो । विदेशी ऋण थपिएकै थपिऐ भए पनि नेताहरू ' हामीलाई बालमतलब' भन्ने खालका छन् । ऋण लियो बीचमै झ्वाम्म हुन्छ । विकासको नाममा भ्रष्टाचार मौलाउँदो छ । देशको प्रधानमन्त्री आफू त ठाउँमा बस्न सक्दैनन्, अरूलाई के ठाउँमा राख्लान् ? सिंहदरबार आएर जनताको काम गर्न छोडेर भोट माग्दै हिँड्ने पनि प्रधानमन्त्री हो ? प्रधानमन्त्री देउवालाई अहिले भरतपुर महानगरबाट मेयरमा उठेकी रेणु दाहालका लागि भोट माग्न भ्याइनभ्याइ छ । माओवादीका अध्यक्ष पुष्पकमल दाहालद्वारा आयोजित कार्यक्रममा पुगेर भोट माग्न माननीय प्रधानमन्त्रीलाई आचारसंहिताले दिन्छ ?

बालुवाटारबाट सिंहदरबार आउन नसक्ने प्रधानमन्त्री देउवा भोट माग्न चितवनसम्म पुगेका छन् । पाँचपटक प्रधानमन्त्री भएका देउवाले के गरे ? एउटा सिन्कोसम्म भाँच्न नसकेको प्रमाणहरू हाम्रै सामु छन् । अहिले बजारमा कांग्रेसकै कार्यकर्ताहरूले रोचक कुरा उठाएका छन् । कांग्रेसको सभापति शेरबहादुर देउवा र महामन्त्री गगन थापा माओवादीको कार्यकर्ता बनेको कुरामा बहस सुरु भएको छ । आफ्नो पार्टी छोडेर माओवादीका अध्यक्ष दाहालको सुपुत्रीलाई भोट माग्दै हिँडेपछि प्रश्न उठ्नु स्वाभाविकै हो ।

अब कांग्रेसको दुर्दशा सुरु भएको छ । कांग्रेस पार्टी फुटेर टुक्राटुक्रा बन्न बेर लाग्दैन । केही दिनपछि शेखर कोइराला र शेरबहादुर देउवाको पनि हानाथाप हुन्छ । मुखबाट गोलीको वर्षात् हुन्छ । अब कांग्रेस पनि धेरै दिन टिक्दैन । देउवाको नेतृत्वमा सिंहदरबार र कांग्रेस पार्टी दुवै अस्तव्यस्त बनेका छन् ।

*अस्मिता राना, बसुन्धारा, काठमाडौं*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# चितवनमा एक लाख १६ हजार कुखुरामा बर्डफ्लु



■ नारायण अधिकारी

**चितवन–** पूर्वी चितवनको खैरहनीमा रहेको अन्नपूर्ण पोल्ट्री ब्रिडर्स फार्म प्रालिको एक लाख १६ हजार कुखुरामा बर्डफ्लु पुष्टि भएको छ। ठूलो संख्यामा कुखुरा रहेको फार्ममा बर्डफ्लु देखिएको जिल्लाको यो पहिलो फार्म हो।

खैरहनी नगरपालिका-१ ज्यामिरेमा रहेको सो फार्ममा केही दिनअघि गरिएको द्रुत परीक्षणमा संक्रमण देखिएपछि थप परीक्षणका लागि नमूना काठमाडौं पठाइएको थियो। परीक्षणमा बर्डफ्लु प्रमाणित भएपछि कुखुरा नष्ट गर्न थालिएको छ। फार्मका सञ्चालक सुमा अर्यालका अनुसार फुल अटोमेसन क्लोज हाउसमा पालिएका लेयर्स कुखुरामा संक्रमण देखिएको हो। बर्डफ्लु देखिएसँगै कुखुरा, अण्डा, दाना, क्रेट, कार्टुनलगायतका सामग्री नष्ट गर्न थालिएको छ। अर्यालका अनुसार बर्डफ्लुका कारण प्रत्यक्ष, अप्रत्यक्षरूपमा २५ करोड हाराहारी नोक्सान हुने देखिएको छ।

बीस वर्षअघिदेखि अर्यालले उच्चतम प्रविधि अपनाएर कुखुरा पाल्दै आएका छन्। पोल्ट्री व्यवसायमा ७० करोडभन्दा बढी लगानी भइसकेको उनी बताउँछन्। भेटेनेरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र भरतपुरका प्रमुख सुशील केसीका अनुसार देशभरमा बर्डफ्लुका कारण सबैभन्दा बढी नोक्सान चितवनमा भएको छ। हाल बर्डफ्लु देखिएको फार्म अहिलेसम्मको ठूलो र बढी नोक्सान हुने अवस्थामा रहेको उनले जानकारी दिए। जिल्लामा यसबाहेक ३१ वटा पोल्ट्री फार्ममा बर्डफ्लु देखापरेको छ। माघ २८ गते पहिलोपटक पूर्वी चितवनको राप्ती नगरपालिकामा देखिएको बर्डफ्लु अहिले जिल्लाभरि नै देखिएको हो।

जिल्लामा यसबाहेक बर्डफ्लु देखिएका फार्ममा दुई लाख ३३ हजार ३१२ लेयर्स कुखुरा मारिएको कार्यालयले जनाएको छ। केन्द्रका सूचना अधिकारी डा प्रभाश न्यौपानेका अनुसार ब्रोइलर ६४६, कडकनाथ ८९६, हाँस ३५ वटा नष्ट गरिसकिएको छ। बर्डफ्लुका कारण जिल्लामा एक लाख ७८ हजार २२६ वटा अण्डा, ६२ हजार ९२० किलो दाना, ५८ हजार २२० क्रेट, छ हजार टर्की ब्रिडिङ अण्डा, प्यारेन्ट ब्रोइलर तीन हजार ४७६ वटा, एक हजार ३८० वटा गिरीराजको अण्डा, कार्टुन एक हजार ५००, डाला ६६० र तयारी मासु ४० किलो नष्ट गरिसकिएको न्यौपानेले जानकारी दिए। अन्नपूर्णको नष्ट गर्ने काम भइरहेको छ। सबै नष्ट गर्न केही दिन लाग्ने कार्यालयले जनाएको छ।

बर्डफ्लुले कुखुरा मर्न थालेपछि कतिपय कृषकले बजारमा बिक्री गर्दा रोग तीव्र फैलिएको अनुमान रहेको छ। सरकारी तवरबाट दिइने राहतको प्रक्रियामा पर्खदाँ कुखुरा मरेर सकिने र केही बाँकी रहे तिनको राहतप्रति कृषक विश्वस्त हुन नसक्दा कतिपय कृषकले कुखुरा बेचेको पाइएको छ। अनुगमनमा कडाइ हुन नसकेका कारण रोग फैलिएको हो। *रासस*

# ‘सबै मिलेर जनकपुरधामको रेकर्ड तोड्नुपर्छ’

■ प्रभाव संवाददाता

**जनकपुरधाम–** नेपाली कांग्रेसबाट राजीनामा दिएर मेयरका लागि मनोज साहले स्वतन्त्र उम्मेदवारी दिए पछि नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले बागी उम्मेदवारलाई मत नदिन आग्रह गरेका छन्।

सत्ता गठबन्धनका उम्मेदवारका लागि मत माग्न आएका नेता पौडेलले जनकपुरधाममा शनिबार पाँच दलीय गठबन्धनद्वारा आयोजित चुनावी सभामा उनले उनलाई तोकेर नै बागीलाई भोट नदिन आग्रह गरेका छन्। उनले पार्टी प्रति इमान्दार नभएका व्यक्ति देश प्रति पनि इमान्दार नहुने तर्फ इगित गर्दै यस्तालाई जिताएर देशको बेहाल गर्न नहुने तर्फ सचेत गराए। उनले भने, ‘ जनकपुरधाममा बागीले जित्ने रेकर्ड छ, यस पटक हामी सबै मिलेर यसलाई तोड्नुपर्छ। यहाँ बेला-बेलामा बागी उम्मेदवारले जितेका छन् र त्यसको परिणाम पनि देख्यौं- जनकपुरधामको के-के बेहाल भयो? अब जनकपुरधामको हाल बेहाल हुन दिनु भएन।’

उनले तर यसपल्ट यस्तो नहोस् भन्दै सचेत गराउँदै पौडेलले भने, ‘व्यवस्थित सुन्दर शहर बनाउनका लागि गठबन्धनका उम्मेदवारलाई भोट दिनुहोला।’



२०४९ सालमा सम्पन्न स्थानीय निर्वाचनमा कांग्रेसले दिगम्बर रायलाई जनकपुरको मेयरको टिकट दिएपछि स्वतन्त्र उम्मेदवारी दिँदै वृषेशचन्द्र लालले जितेका थिए।

त्यतिबेला कांग्रेसबाटै असन्तुष्ट भएर उपमेयरमा स्वतन्त्र उम्मेदवारी दिएका लालकिशोर साह (निवर्तमान मेयर) ले पनि जितेका थिए। २०५४ सालमा भएको स्थानीय निर्वाचनमा नेपाली कांग्रेसले दामोदारप्रसाद उपाध्यायलाई टिकट दिँदा बजरंगप्रसाद साहले स्वतन्त्र उम्मेदवारी दिएर जितेका थिए। उनले जनकपुरधाममा बागी उम्मेदवारले जित्ने रेकर्ड तोड्नुपर्ने बताए। नेता पौडेलले भने, ‘यस पटक सबैजना मिलेर जनकपुरधामको रेकर्ड तोड्नुपर्छ।’ निर्वाचनमा यस्ता अन्तरघात हुने भन्दै नेता पौडेलले कांग्रेस अब अन्तरघातले चल्न नसक्ने बताए। उनले सबैलाई एकजुट भएर अगाडि बढनुपर्ने सुझाव दिए।

# ‘मासिक तलब नलिनेदेखि जमिन बाँझो नराख्नेसम्म प्रतिबद्धता’

■ प्रभाव संवाददाता

**काठमाडौं–** ‘संवैधानिक राजसंस्थासहितको प्रजातन्त्र’ कायम गर्ने उद्देश्यले स्थापना भएको नेपाल नागरिक अभियानले चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ।

बिहीबार पत्रकार सम्मेलन गरेर पुर्व एआईजी डा. ठाकुरमोहन श्रेष्ठ नेतृत्वको अभियानले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि ‘स्थानीय निर्वाचन-२०७९’ चुनावी प्रतिबद्धता सार्वजनिक गरेको हो।

‘अखण्ड विकसित नेपाल, स्वाभिमानी नेपाली’ लक्ष्यको लागि सनातन हिन्दुराष्ट्रको लक्ष्य लिएको अभियानको प्रतिबद्धतापत्रमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, उद्योग व्यवसाय र कर, सदाचार, सुशासन र सुरक्षा प्राथमिकता, मठ/मन्दिर गुम्बा र वातारणलगायतका विषय समेटिएका छन्।

कुनैपनि दल र समुहले राखेका नेपाल र नेपालीको हकहित, राष्ट्रियता, राष्ट्रिय स्वाभिमानका सन्दर्भ, विकास, सुरक्षामा अभियानले विज्ञहरूबाट परिमार्जित एवं व्यवहारिक बनाएर कार्ययोजना लागु हुने जनाएको छ।

प्रतिबद्धता पत्रमार्फत अभियानले चुनावमा निर्वाचित उम्मेदवारहरूले मासिक तलब नलिएर त्यसलाई सामाजिक सेवामा लगाउने र राजनीतिलाई सेवाको रूपमा अनुभुति गराउनेसमेत प्रतिबद्धता गरेको छ।

त्यस्तै, पार्टीले १० प्सल २ सम्म निःशुल्क व्यवस्था तथा उच्च शिक्षाका लागि विद्यार्थीलाई सहज ऋण, छात्रवृत्ति र रोजगारी व्यवस्था लागु गरिने र प्रत्येक वडामा निःशुल्क आधारभुत प्रसुति सुविधासहितको कम्तीमा १ चिकित्सक र एक एम्बुलेन्स समेतको व्यवस्था, बृद्धको लागि घुम्ति शिविरको व्यवस्था गर्ने प्रतिबद्धता जाहेर गरेको छ।

हरेक दृष्टिले व्यवस्थित जेष्ठ नागरिक, अपांग, महिला तथा अभियानले जारी गरेको प्रतिबद्धता पत्रमा बालबालिकामैत्री र सुरक्षित तुल्याउने, विज्ञहरूको रायसुझावमा चुरे भावर तथा विशेष जलाधारको संरक्षण र भू-उपयोगका ठोस नीति तर्जुमा गर्ने र जमिन बाँझो नराख्ने पत्रमा बताइएको छ।

पत्रकार सम्मेलनमा बोल्दै अभियानका राष्ट्रिय अध्यक्ष डा. ठाकुरमोहन श्रेष्ठले देशभर ४७ जना अभियन्ताहरूले आगामी स्थानीय तहको निर्वाचनको लागि उम्मेदवारी दिएको जानकारी दिए।

उनले कञ्चनपुरको पुनर्वास र बेदकोट, पाल्पाको तानसेन, कपिलवस्तुको कृष्णानगर र बनेपा नगरपालिकामा अभियानको तर्फबाट मेयर पदमा उम्मदेवारी दिएको बताए। त्यस्तै, उपमेयरमा कपिलवस्तु योशधरा र काभ्रेको पनौतीमा, नगर वडाध्यक्षमा १८ जना, नगर वडा सदस्यमा १४ जना, पालिका अध्यक्षमा २, पालिका वडा अध्यक्षमा २ जना र पालिका वडा सदस्यमा ३ जना गरी ४७ जनाले उम्मेदवारी दिएको बताए।

# पहिरोले नारायणगढ-मुग्लिन सडकखण्ड अवरुद्ध

■ प्रभाव संवाददाता

**चितवन–** पहिरोका कारण नारायणगढ-मुग्लिन सडकखण्ड अवरुद्ध भएको छ। शनिबार साँझ ७:३० बजे इच्छाकामना गाउँपालिकाको चोके खोलामा पहिरो खस्दा सडक अवरुद्ध भएको हो।

मुग्लिनबाट नारायणगढतर्फ तीन किलोमिटरको दूरीमा पहिरो निरन्तर खसिरहेका कारण शनिबार यातायात सञ्चालन हुने सम्भावना न्यून रहेको ट्राफिक प्रहरीले जनाएको छ।



जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक धर्म अधिकारीका अनुसार ठूलो पहिरो खसेका कारण पहिरो हटाउन असम्भव जस्तै छ। मुग्लिन हुँदै नारायणढतर्फ आउने सवारीसाधन मुग्लिनमा रोकिएका छन् भने नारायणगढबाट मुग्लिन हुँदै जाने सवारीसाधनलाई जुगेडीतर्फ नै रोकिएको छ। पहिरो हटाउन सुरु भएको प्रहरीले जनाएको छ।


**सखुवा प्रसौनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सखुवा प्रसौनी, पर्सा**
**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७९।०१।२४**

यस गाउँपालिकाबाट मिति २०७८।१२।२३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पर्न आएका शिलबन्दी बोलपत्रहरु मध्ये सबै भन्दा न्यूनत्तम अंक कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही ठहर भएका तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र स्विकृतीको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैका जानकारी लागि बोलपत्र स्विकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | न्यूनत्तम कबोल अंक (भ्याट समेत) | कैफियत |
|---|---|---|---|---|
| १. | 27/RM/SAKHUWA/PAR/NCB/W/078-79 | Sharda Nirwan Sewa, Pokhariya na.pa-10, Parsa | 47,50,588.21 | |

**प्रमुख प्रशासकीय अधिकृत**



**सिद्धिचरण नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ओखलढुङ्गा**

## निर्माण कार्य खरिद सम्बन्धी विद्युतीय दरभाउपत्र आव्हान सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०१/२५)

यस कार्यालयको लागि तपसिल बमोजिमको निर्माण कार्य विद्युतीय दरभाउपत्र (E-Bid) को माध्यमबाट गराउनु पर्ने भएको हुदाँ तपसिलमा उल्लेखित कार्यको लागि ईच्छुक इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रीतपुर्वकको दरभाउपत्र आव्हान गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp र यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np मा हेर्न समेत सुचित गरिन्छ साथै कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

**तपसिल**

| ठेक्का नं | विवरण | लागत अनुमान (मु.अ.क.सहित) | दरभाउ पत्र फारम दस्तुर | जमानत रकम | दरभाउपत्र पेश गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|
| Good/26/078/79 | चुप्लु बेशी झो.पू. स्टील पार्टस खरिद | १७,१७,८९२/१६ | १,०००/- | ४३,०००/- | २०७९/०२/०९ |
| Good/27/078/79 | औषधी खरिद | ८,५८,२८८/५२ | १,०००/- | २१,५००/- | २०७९/०२/०९ |
| Good/28/078/79 | सौर्य सडक वत्ती खरिद तथा जडान | ९,८५,२४०/०० | १,०००/- | २४,६००/- | २०७९/०२/०९ |
| Work/29/078/79 | वडा स्तरीय आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण वार्ड नं. ९ | १९,३०,४७७/६६ | १,०००/- | ४८,५००/- | २०७९/०२/०९ |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

रूपशाला

आइतबार, २५ वैशाख २०७९ (Sunday, May 8, 2022)


## चलचित्र पत्रकार संघद्वारा पुरस्कार घोषणा

चलचित्र पत्रकार संघ नेपालले रोकिएको चलचित्र पत्रकारिता सम्मान तथा पुरस्कार घोषणा गरेको छ । दिनेश सिटौलाको अध्यक्षतामा संघको कार्यालयमा बसेको बैठकले सम्मान तथा पुरस्कार घोषणा गरेको हो । संघले वि.सं. २०७७ को चलचित्र पत्रकारिता सम्मानबाट शान्तिप्रिय, राजन घिमिरे, सुब्रतराज आचार्य, सन्दीप सापकोटा, राजाराम फुयाँल र लक्ष्मण सुवेदीलाई सम्मान र पत्रकारहरू आरडी शृंखला, दिवाकर मैनाली, कुमार आचार्य, गीता अधिकारी, नेमिष गौतम र विष्णुप्रसाद सुवेदीलाई पुरस्कृत गर्ने भएको छ । त्यस्तै चलचित्र पत्रकारिता प्रोत्साहन पुरस्कारबाट मनोज न्यौपानेलाई पुरस्कृत गर्ने भएको छ । त्यस्तै मोफसल चलचित्र पत्रकारिता पुरस्कारबाट कास्कीका रेम विकलाई पुरस्कृत गर्ने निर्णय गरेको छ ।

# राधेराधेमा खुल्यो जिल्लाकै पहिलो थ्रीडी आर्ट म्युजियम



■ प्रभाव संवाददाता

**भक्तपुर–** नेपालकै ठूलो वन डे थ्रीडी आर्ट म्युजियमको उपत्यकाभित्र पहिलो शाखा सञ्चालनमा आएको छ । ललितपुरको इमाडोलमा मुख्य कार्यालय रहेको म्युजियमले सांस्कृतिक धरोहरको जिल्ला भक्तपुरको राधेराधेमा उपत्यकाकै पहिलो र आफ्नो दोस्रो शाखा सञ्चालनमा ल्याएको हो ।

बरिष्ठ हास्य कलाकार मनोज गजुरेजलले उद्घाटन गरेको उक्त शाखामार्फत् उपत्यकाबासीलाई थ्रिडी आर्टसम्बन्धी जानकारी दिने नै प्रमुख उद्देश्य रहेको सञ्चालकले जनाए । यसअघि म्युजियमले आफ्नो पहिलो शाखाको रूपमा हेटौंडा शाखा सञ्चालन गरिसकेको छ । ललितपुरको इमाडोलमा करिब २ वर्षअघि खुलेको नेपालकै ठूलो र धेरै थ्रीडी आर्टहरू भएको म्युजियमको पहिलो शाखाको रूपमा हेटौंडामा गत फागुन ७ देखि सञ्चालनमा ल्याएको थियो ।

म्युजियममार्फत् उपत्यकाबासीलाई थ्रीडी आर्टबारे मनोरञ्जन र जानकारी दिइरहेको वन डे थ्रीडी आर्ट म्युजियमले सांस्कृतिक नगरि भक्तपुरलाई लक्षित गर्दै शाखा सञ्चालनमा ल्याएको संस्थाका संस्थापक अध्यक्ष सुन्दर बिष्टले बताए ।

भक्तपुरको राधेराधेस्थित प्रजापति कम्प्लेक्समा सञ्चालनमा आउन लागेको म्युजियमले भक्तपुरबासीको मन जित्ने मात्र नभई भक्तपुरको अर्को गहनाको रूपमा स्थान बनाउने विश्वास आफूहरूले लिएको म्युजियमका सञ्चालक नरेश रञ्जीतले बताए । शनिबारदेखि सञ्चालनमा आएको म्युजियमले एक सातासम्मका लागि ग्राहकहरूलाई विशेष छुटको व्यवस्था रहेको पनि रञ्जीतले बताए ।

कोरोना महामारीको प्रभाव कम भएसँगै आफूहरूले म्युजियममार्फत् उपत्यकाबासीलाई थ्रीडी आर्टबारे मनोरञ्जन र जानकारी दिइरहेको वन डे थ्रिडी आर्ट म्युजियमले यससँगै देशका विभिन्न भागमा म्युजियम सञ्चालन गर्ने तयारी गरेको कम्पनीका संस्थापक संचालक कृष्ण सुबेदीले बताए । उनले निकट भविष्यमै सुन्दर नगरी पोखरामा पनि म्युजियम सञ्चालन हुने जानकारी समेत दिए ।

त्यस्तै उपत्यकका लगायत देशैभर पुर्ण पारिवारिक मनोरन्जनका उपयुक्त स्थानहरू खासै बिकाश हुन नसकेको अबस्थालाई मध्य नजर गर्दै कलालाई मनोरन्जनको माध्यम बनाउँदै ब्यबसायीक कला बजार निमार्णका समेत म्युजियम निर्माणले सहयोग गर्ने संस्थाका संचालक तथा आर्ट संयोजक ओम प्रकाश बिश्वकर्माले बताए ।

उक्त अवसरमा नेकपा माओवादी (केन्द्र) को केन्द्रीय सदस्य एवम् भक्तपुर जिल्ला ईन्चार्ज दिलीप कुमार प्रजापति, केन्द्रीय सदस्य एवम् वाइसीएल नेपाल केन्द्रीय ईन्चार्ज रामप्रसाद सापकोटा (दिपशिखा), केन्द्रीय सदस्य एवम् बागमति प्रदेश सभा सदस्य प्रतिमा श्रेष्ठ, केन्द्रीय सल्लाहकार शिवहरि खनाल, मध्यपुर नगर ईन्चार्ज गणेश बुढाथोकी, हनुमन्ते नदी सफाई अभियानका सल्लाहकार मधु ढुङ्गेल, मदन घिमिरे, सन्जिब सुभचिन्तक, रमेश बुढाथोकी, रमेश गिरी, ज्योती श्रेष्ठलगायत उपस्थित थिए ।

कम्पनीले नेपालमा थ्रीडी आर्ट कलालाई पहिचान दिलाउनका लागि राजधानीको कुमारीपाटीमा नेपालकै पहिलो वन डे थ्रीडी आर्ट रेष्टुरेन्ट पनि सञ्चालनमा ल्याएको छ ।

# नेपाली समसामयिक मौलिक कला गोष्ठी सम्पन्न




**काठमाडौं (प्रस)–** नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले राष्ट्रिय ललितकला प्रर्दशनी २०७९ को सन्दर्भमा आफ्ना विभागहरू मार्फत विभिन्न गतिविधिहरू सञ्चालन गर्ने योजना अनुरूप अर्न्तक्रियात्मक गोष्ठी सञ्चालन गरेको छ । यसै अवसरमा यही मिति २०७९ वैशाख २२ गते विहिबार चित्रकला विभागले विज्ञहरू माझ 'नेपाली सम सामयिक कलामा मौलिकताको पहिचान' विषयक कार्य पत्र प्रस्तुत गरेको थियो ।

अध्ययन, अध्यापन र सिर्जनाका घरोहर सवैका गुरु प्रा.डा. अभि सुवेदीको प्रमुख आतिथ्यतामा भएको उक्त गोष्ठीको सभापतित्व नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति के.के कर्माचार्यले गर्नु भएको थियो भने स्वागत मन्तव्य प्रतिष्ठानका सदस्य सचिव विपिनकुमार घिमिरेले गरेका थिए । चित्रकला विभाग प्रमुख प्राज्ञ सषमा राज भण्डारीले कार्यक्रमको उद्धेश्य र औचित्य माथि प्रकाश पारेका थिए ।

यसैगरि कार्यपत्र प्रस्तुत गर्दै डा. यमप्रसाद शर्माले पश्चिमा दर्शन र पुर्वीया दर्शनबीच रहेका मौलिकताको पहिचानका विषयमा विभिन्न समयमा बनेका चित्रकलाहरू, पश्चिमाहरूले प्रयोग गर्ने शैली र रंगहरू, विश्वप्रतिद्ध चित्रकारहरूले बनाएका चित्रहरू र त्यसमा प्रयोग भएका शैलिहरूको विषमा आफ्नो कार्यपत्र मार्फत प्रस्तुत गर्नु भएको थियो भने टिप्पणी कर्ता गणेश जि.सीले डा. शर्माले प्रस्तुत गरेको कार्यपत्र सुन्दा 'आफ्नो दिब्य आफै खोल' भनेझैं भन्ने कुरामा म पुगे । हाम्रो नेपाली कला संस्कृतिलाइ पश्चिमाहरूले भारतिय आँखाले हेरी दिएको गुनासो गर्दै हाम्रो कला पनि महत्वपूर्ण कलाको रूपमा स्थापित छ । उनले कतै हाम्रो कला प्रायोजित भएर त आएको छैन ? भन्दै प्रश्न समेत गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि प्रा.डा. अभि सुवेदीले भने, 'नेपाली समसामयिक कलामा मौलिकताको पहिचान विषयक आजको यो छलफलमा ज्यादै महत्वपूर्ण प्रश्नहरू उठेका छन् । नेपालीकला र संस्कृतिलाइ अगाडि बढाउनका निमित्त लुकेर रहेका कलाहरूका खोज अनसन्धान गरिनु जरुरि छ । यसमा यो प्राज्ञिक थलोबाट अवस्य पनि यसको पहल कदमी हुने कुरामा म विश्वस्त छु । अहिले ललितकलाले निकै नै प्रगति गरेको रहेछ । मैले यहाँ प्रकाशित पुस्तकहरूको अध्ययन पनि गरे । यसले अध्ययन अनुसन्धानको पाटोलाई अगाडि बढाको देखिन्छ । नेपाली मौलिक कला अरु कसैको कला होइन, यो हाम्रो कलाहो । यसर्थ हाम्रो मौलिककला, परम्परा, संस्कृतिको व्यापक रूपमा खोज अनुसन्धान वहस चलाउनु जरुरी छ ।' कार्यक्रममा प्रतिष्ठानका उपकुलपति गोपाल चित्रकारले उपस्थित सम्पूर्णमा धन्यवाद व्यक्त गरेका थिए भने कुलपति के.के कर्माचार्यले आफ्ना भनाइसहित कार्यक्रको समापन गरेका थिए ।



### आरबिबी–एनभिए भलिबल

# आर्मी बन्यो च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** छैटौं संस्करणको आरबिबी-एनभिए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल लिग प्रतियोगिता अन्तर्गत पुरुषतर्फको उपाधि त्रिभुवन आर्मी क्लबले जितेको छ ।

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा शनिबार भएको अन्तिम खेलमा हेल्प नेपाललाई ३-१ को सेटमा हराउँदै आर्मी च्याम्पियन बनेको हो ।

रोमान्चक खेलमा आर्मीले हेल्प नेपालमाथि २५-१५, २५-१८, २६-२८ र २८-२६ को सेटमा जित निकाल्यो ।

यस जितसँगै आर्मी लिगको शीर्ष स्थानमा रहदै च्याम्पियन बनेको हो । आर्मीले ६ खेलमा १८ अंक जोड्यो । हेल्प नेपालले ६ खेलमा १४ अंक जोड्यो । हेल्प नेपाल दोस्रो स्थानमा रह्यो ।

उपाधिसँगै आर्मीले ६ लाख नगद प्राप्त गरेको छ । हेल्प नेपालले ३ लाख प्राप्त गर्यो । तेस्रो भएको नेपाल पुलिसले १ लाख ५० हजार र चौंथो एपिएफले ७५ हजार प्राप्त गर्यो ।

महिलातर्फको उपाधि पनि आर्मीले जित्यो । अन्तिम खेलमा नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा हराउँदै आर्मी च्याम्पियन बनेको हो । विभागीय डर्बीमा आर्मीले पुलिसमाथि २५-१८, २५-२३ र २५-२० को सेटमा जित निकाल्यो । आर्मी पहिलो पटक च्याम्पियन बनेको हो ।

महिलातर्फ उपाधि विजेता आर्मीले पनि नगद ६ लाख प्राप्त गरेको छ । उपविजेता पुलिसले ३ लाख प्राप्त गर्दा तेस्रो बनेको एपिएफले १ लाख ५० हजार र चौंथो एभरेस्टले ७५ हजार प्राप्त गरेको छ ।

नेपाल भलिबल संघले आयोजना गरेको लिगमा पुरुषतर्फ ७ टिम र महिलातर्फ ५ टिमको सहभागिता रहेको थियो ।

पुरुषतर्फ त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपिएफ क्लब, हेल्प नेपाल, गण्डकी प्रदेश, गल्कोट स्पोर्ट्स क्लब र ढोरपाटन क्लबले प्रतिस्पर्धा गरेका थिए ।

महिलातर्फ त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपिएफ क्लब, न्यु डायमण्ड र एभरेस्ट भलिबल क्लब रहेको थियो ।

# जिम्बाबे 'ए'विरुद्ध नेपालको शानदार जित




■ प्रभाव संवाददाता

**काठमाडौं–** दोस्रो एकदिवसीय क्रिकेटमा नेपाल पाहुना टोली जिम्बावे 'ए' विरुद्ध सानदार जित निकालेको छ । त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा शनिबार नेपालले जिम्बावे 'ए' लाई ९ विकेटले हराएको हो ।

जिम्बावेले दिएको ८८ रनको लक्ष्य नेपालले ११ ओभर २ बलमा १ विकेटको क्षतीमा ८९ बनाउदै लक्ष्य पूरा गर्यो ।

नेपालको जितमा सुनिल धमलाले सर्वाधिक ३८ रन बनाए । त्यस्तै अर्का ओपनर आसिफ शेखले अविजित ३४ रन जोडे । विनोद भण्डारी ४ रनमा अविजित रहे । जिम्बावेका ब्राण्डन माभुताले १ विकेट लिए ।

यस अघि टस हारेर पहिले ब्याटिङ गरेको जिम्बावे ३१ ओभर १ बलमा अलआउट हुँदै ८७ रन बनाएको थियो । नेपाली बलरको किफायती बलिङ गरेको खेलमा जिम्बावेका लागि जोनाथन क्याम्पबेलले २७ रन बनाए । ब्राड इभान्स २० रन अविजित रहे । सेफासले १० तथा लुक जोग्वेले ८ रन बनाए ।

नेपालका सोमपाल कामी र करण केसीले ३/३ विकेट लिए । सन्दीप लामिछानेले २ तथा सागर ढकालले १ विकेट लिए । जिम्बाबेले एक विकेट रनआउटबाट गुमाएको थियो ।

यस जितसँगै नेपालले पहिलो खेलमा व्यहोरेको हारको बदला लिएको छ । शुक्रबार भएको पहिलो खेलमा जिम्बावेले नेपाललाई ३ विकेटले हराएको थियो ।

नेपालले तीन खेलको सिरिजमा १-१ को बराबरी समेत गरेको छ । अन्तिम तथा तेस्रो एकदिवसीय सोमबार हुनेछ ।

आईसीसी पुरुष क्रिकेट विश्वकप लिग टु अन्तर्गत अमेरिकामा हुने त्रिकोणात्मक एकदिवसीय सिरिजको तयारीमा स्वरूप नेपालले जिम्बावे 'ए' सँग सिरिज खेलिरहेको हो ।

यस अघि भएको तीन खेलको टी-ट्वान्टी सिरिज १-१ को बराबरीमा सकिएको थियो ।



सन् २०१७ को मार्च १६ का दिन बुर्का लगाएका महिलाहरू अफगानिस्तानको काबुलबाट नादिर खान पहाडतर्फ जाँदै । तालिबान शासकहरूले ७ मे २०२२ देखि सबै अफगानी महिलाहरूलाई सार्वजनिक रूपमा सबै शरीर ढाक्ने बुर्का लगाउन आदेश दिएको थियो, जसको अन्तर्राष्ट्रिय समुदायबाट आलोचना भइरहेको छ । *तस्बिरः एपी*

# चीनको कोष उद्योगलाई अवसर सदुपयोग गर्न आग्रह

**बेइजिङ–** चीनको धितोपत्र पर्यवेक्षकका उपप्रमुखले अर्थतन्त्रले सामना गरेको चुनौतीका बाबजुद पनि देशको पुँजीबजार र कोष उद्योग रणनीतिक अवसरको महत्त्वपूर्ण अवधिमा रहेको बताएका छन् ।

चाइना धितोपत्र नियामक आयोगका उपाध्यक्ष फाङ सिंहाइले चीनको सम्पत्ति व्यवस्थापन संघको बैठकमा उक्त कुरा बताएका हुन् । 'कोष उद्योगले अवसर सदुपयोग गर्नुपर्छ, उच्च गुणस्तरको विकासमा ध्यान केन्द्रित गर्नुपर्छ र वास्तविक अर्थतन्त्रलाई अझ राम्रो सेवा दिनुपर्दछ,' उनले भने ।


गत महिना चीनले प्रमुख बैठकमा पुँजीको भूमिकालाई जोड दिएको थियो । 'पुँजीको स्वस्थ विकासलाई कानुनबमोजिम नियमन, मार्गदर्शन गर्ने प्रयास गरिनेछ र महत्त्वपूर्ण उत्पादन कारकको रूपमा पुँजीको सकारात्मक भूमिका खेल्नेछ,' उनले भने । *रासस/सिन्ह्वा*

## हवाना होटल विस्फोटमा मृत्यु हुनेको संख्या दोब्बर

**हवाना (क्युबा)–** हवानाको साराटोगा होटलमा शुक्रबार भएको शक्तिशाली विस्फोटमा एक गर्भवती महिला र बच्चासहित १८ जनाको मृत्यु भएको क्युबाली राष्ट्रपति कार्यालयको प्रशासनले शनिबार जनाएको छ । क्युबाका राष्ट्रपति मिगुएल डियाज-क्यानेलले साराटोगा होटल दुर्घटनाको सामनामा देखाइएको ऐक्यबद्धताका लागि मित्रराष्ट्रलाई धन्यवाद दिएका छन् ।

बैठकमा घोषणा गरिएको प्रारम्भिक तथ्यांकअनुसार उक्त घटनामा एक गर्भवती महिला र बच्चासहित १८ को मृत्यु भएको थियो । क्युबाली अधिकारीले यसअघि विस्फोटमा परी नौ जनाको मृत्यु भएको र ४० घाइते भएको बताएका थिए । *रासस/एएनआई*

# श्रीलंकामा फेरि संकटकाल घोषणा



**कोलम्बो–** आर्थिक तथा राजनीतिकरूपमा संकटमा फसेको श्रीलंकामा फेरि संकटकाल घोषणा गरिएको छ । गत शुक्रबार मध्यरातदेखि लागू हुनेगरी संकटकाल घोषणा गरिएको सरकारी अधिकारीले जानकारी दिएका छन् ।

राष्ट्रपति गोटावाय राजापाक्षले आर्थिक तथा राजनीतिक संकटलाई व्यवस्थापन गर्न संकटकाल लागू गर्नुपरेको स्पष्ट पारेका छन् ।

आर्थिक तथा राजनीतिक संकटका विरुद्धमा जनआक्रोस र आन्दोलन बढ्दै गएपछि त्यसलाई नियन्त्रण गर्न सरकारले संकटका घोषणा गरेको हो । उनले सार्वजनिक सुरक्षा र जीउधनको रक्षाका लागि संकटकाल लगाउनु अत्यावश्यक भएको राजपत्रमा प्रकाशित सूचनामा जनाइएको छ ।

आन्दोलनकारीले ढुवानी तथा आवतजावतसमेतमा अवरोध गरेको र कतिपय सेवा प्रवाहमा समस्या उत्पन्न भएकोले अवरोध हटाउन र सेवा प्रवाहलाई सहज गराउन संकटकाल लगाउनुपरेको उनको भनाइ छ ।

सरकारले संकटकाल घोषणा गरेर जनताको आवाजलाई नियन्त्रण गर्न खोजेको र नागरिक अधिकार कुण्ठित गरेको भन्दै कतिपयले भने विरोध गरेका छन् ।

### प्रधानमन्त्री राजापाक्षले राजीनामा दिने सम्भावना

श्रीलंकाका प्रधानमन्त्री महेन्दा राजापाक्षले राजीनामा तयारी गरेको जनाइएको छ । देशभरमा आर्थिक तथा राजनीतिक संकट गहिरिँदै गएपछि उनले राजनीतिक निकासका लागि पदबाट राजीनामा दिन लागेको उनीनिकट स्रोतले जनाएका छन् ।

राजनीतिक तथा आर्थिक संकटको मुख्य कारक राजापाक्ष नेतृत्वको सरकार नै भएको भन्दै आन्दोलन चर्किएपछि उनलाई राजीनामाका लागि अत्यधिक दबाब परेको छ । आन्दोलनकारीले प्रधानमन्त्री महेन्दालाई बर्खास्त गर्न राष्ट्रपतिलाई पनि चर्को दबाब दिएका छन् । उनले राजीनामा नदिएमा आन्दोलन थप चर्किँदै जाने देखेर उनले राजीनामा दिने तयारी गरेको बताइएको छ ।

आन्दोलन चर्किँदै गएको र संकटकाल लागू भएको परिपेक्षमा आगामी कदमका बारेमा छलफल गर्न राष्ट्रपतिनिवासमा राष्ट्रपति, प्रधानमन्त्रीबीचमा छलफल भएको थियो । छलफलका क्रममा प्रधानमन्त्री राजापाक्ष राजीनामा दिन सहमत भएको जनाइएको छ ।

देशमा आर्थिक संकट उत्पन्न भएपछि महँगी र अभाव बढेको थियो । महँगी र अभावबाट आक्रोसित जनताले आन्दोलन सुरु गरेका थिए । आन्दोलनपछि सरकारले त्यतिबेला पनि संकटकाल लगाएको थियो । आन्दोलनकारीले सरकारलाई बर्खास्त गर्न माग गरेपछि प्रधनमन्त्रीबाहेक सबै मन्त्रीले राजीनामा दिएका थिए ।

प्रधानमन्त्रीबाहेक सबै मन्त्री नयाँ बनाएर काम गर्दा पनि ठोस उपलब्धि नभएपछि आन्दोलन फेरि चर्किएकाले अहिले प्रधानमन्त्रीले नै राजीनामा दिनुपर्ने अवस्था सिर्जना भएको हो । *रासस/एएनआई*

## आइएमएफले प्राविधिक वार्ताको अर्को चरण सुरु गर्ने

**कोलम्बो–** अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले मे ९ देखि मे २३ सम्म श्रीलंकासँग प्राविधिक वार्ताको अर्को चरण सुरु गर्ने आइएमएफका श्रीलंकाका नियोग प्रमुख मासाहिरो नोजाकीले बताएका छन् । नोजाकीले शुक्रबार एक विज्ञप्ति जारी गर्दै आइएमएफको नीतिअनुरूप आइएमएफ श्रीलंकालाई सहयोग गर्न प्रतिबद्ध रहेको बताए ।

'श्रीलंकाको ऋणलाई दिगोरूपमा मूल्यांकन गरिएको हुनाले र्‍यापिड फाइनान्सिङ इन्स्ट्रुमेन्टमार्फत आइएमएफको वित्तपोषणको स्वीकृतिले ऋणको दिगोपन पुनःस्थापित हुने पर्याप्त आश्वासन चाहिन्छ,' उनले भने ।

दुई पक्षले गत महिना आइएमएफको मुख्यालयमा पहिलो चरणको छलफल गरेका थिए । श्रीलंकाले र्‍यापिड फाइनान्स इन्स्ट्रुमेन्ट (राएफआई) सुविधाका साथसाथै आइएमएफबाट ठूलो विस्तारित कोष सुविधाको लागि आफ्नो विदेशी मुद्रा अभावको समस्यालाई पार गर्नको लागि आशा गरेको छ । *रासस/सिन्ह्वा*


Provincial Government
Sudurpaschim Province
Ministry Of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Infrastructure Development Office
Sanfebagar, Achham

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Short Span Trail Bridges (SSTB)**

**Contract Identification No:IDO/ACHHAM/TB/01/2078/079**

**First Date of Publication: 2079/01/25**

1. **The Sudurpaschim Province** has allocated funds for **Trail Bridge** and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for the Short Span Trail Bridges (SSTB) as listed below in the table. Bid is open to all eligible Bidders.
2. **The Infrastructure Development Office, Achham** invites Bid from registered fabricators for supply of fabricated steel parts for Short Span Trail Bridges as listed below in the table.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years and enlisted by DoLI are eligible for bidding. New fabricators may apply in joint venture with an eligible firm having the required experience
4. Bids must be submitted to the **Infrastructure Development Office, Achham**, on or before 12:00 hours (noon) on 2079-02-24. Documents received after deadline shall not be accepted.
5. Bids will be opened physically in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 2079-02-24 at the office of Infrastructure Development Office, Achham. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by bid security, amounting to a minimum as listed below in the table, which shall be valid for 30 days beyond the bid validity period.
6. Bidder shall have the option of submitting their bid electronically only. Submission of Hard copy bids shall not be entertained. Bidder who chooses to submit their bid electronically download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Rastriya Banijya Bank, Mangalsen Achham**

   **Name of Office : Infrastructure Development Office, Sanfebagar, Achham**

   **Office Code no. : 3370172017**

   **Office Account no.: 1000100200010000, Rajaswa (revenue) Shirshak no.: 14229**
7. If the Bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cashs in Deposit Account No. 4260100202030000 of Province Treasury Unit Office of Mangalsen, Achham at Rastriya Banijya Bank, Mangalsen Branch, Achham and submit the receipt of the deposited Voucher along with the bid.
8. Pre-Bid Meeting shall be held at the office of Infrastructure Development Office at 12:00 hours on 2079-02-16
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The name and identification of the contract are as follows:

| S. N. | Contract Identification no | Name of Trail Bridge/ Location/Description of works | Estimated Amount (NRs) (Exclusive of VAT) | Bid Security Amount (NRs) | Cost of bid document (NRs) |
|---|---|---|---|---|---|
| 1 | IDO/ACHHAM/TB/ 01/2078/79 | Dungri Bakanta trail bridge Chaurpati Ahham and Koreli Trail Bridge Dhakari Gaupalika-3 Achham /Fabrication goods and transportation upto road head site | 2999197.36 | 75000.00 | 3000 |

**IDO Chief Achham**



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखटटे, नयाँबजार फोन **नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ ।** स्मार्ट सर्भिस नेपाल प्रा.लि.**-निमंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ ।** लोटस कम्युनिकेशन- **गोंगबुचोक, फोनं. ४३६४७१ ।** धुवको पसल **- डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 ।** दन्तकाली स्टेशनरी **- नया** 'बसपार्क **फोन नं. ९८१३९६०७४६ ।** सारीका स्टेशनरी पसल **- फोन नं. ९८५११२९६८६ ।** ज्ञानज्योती पुस्तक पसल **- बागबजार, फोन नं. ४२४००६० ।** विश्व स्वतन्त्र संचार-**धारा, फोन नं. ४२१९४१२ ।** निशा बुक्स एण्ड स्टेशनरी **- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ ।** वीडलिंक मिडिया प्रा.लि. **- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ ।** हिमचुली स्टेशनरी-**बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ ।** मलः स्टेशनरी **- गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हाईडमा),** बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर- **कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ ।** दाजुभाई स्टेशनरी **- पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९,** ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन** जमल, काठमाडौं' सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९८००० | प्रति तोला – ९७५०० | प्रति तोला – १२८० |



**फुल्यो कमल** मध्यपुरथिमिको बोडेस्थित धार्मिक एवं ऐतिहासिक कमल पोखरीमा ५० वर्षपछि फुलेको कमलको फूल । २०३२ सालमा व्यक्तिको नाममा गएर स्थानीय र मध्यपुरथिमि नगरपालिकाको पहलमा अदालतबाट पुनः पोखरी नै कायम भएपछि नगरपालिकाले पोखरीको पुनर्निर्माण गरी कमलको फूल रोपेको थियो । *तस्विरः रमेश गिरी/रासस*

# नागरिक सुझावका आधारमा नयाँ बजेटको निर्माण

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माणको अन्तिम चरणमा पुऱ्याएको छ । बजेट निर्माणको तयारीको इतिहासमै पहिलो पटक नागरिकबाट समेत सुझाव माग गरेपछि सरकारलाई विभिन्न सुझाव समेत दिइएको अर्थमन्त्रालयले जनाएको छ । देशभरका नागरिकले बजेट निर्माण प्रक्रियालाई जनमुखी बनाउनु पर्ने पहिलो सुझावका रूपमा दिएइएको मन्त्रालयको दाबी रहेको छ । अर्थमन्त्रालयले नागरिक सुझाव लिन सार्वजनिक गरेको टेलिफोन नम्बर ११३८ मा प्राप्त भएका सुझावलाई नै सरकारले मार्गनिर्देशको रूपमा लिएर बजेट निर्माण गरी रहेको दाबी गरिएको छ ।

अर्थमन्त्री जनार्दन शर्माले बजेट निर्माणमा नागरिकको सहभागिता रहोस् भन्ने ध्येयका साथ सुझाव मागिएको र सो माग गरिएको सुझावकै आधारमा बजेट निर्माण गर्ने कार्य भै रहेको बताएका छन् । मन्त्री शर्माका अनुसार मन्त्रालयमा प्राप्त भएका सुझाव अनुसार सार्वजनिक जग्गा, स्थानीयदेखि केन्द्रीयस्तरका सडकका दायाँबायाँ किनारामा हावापानी अनुसारको स्थानीय फलफूलको बिरुवा रोप्ने कार्यलाई विशेष प्राथमिकतामा राख्दै प्रत्यक्ष रूपमा जनतालाई फाईदा पुग्ने बजेट बनाउन सुझाव दिएको बताए । सुझावमा किसानलाई रासायनिक मल, बीउ तथा किटनाशक औषधिको उचित प्रबन्ध गर्न तथा स्थानीय र रैथाने खाद्यबालीको बिउँको सुरक्षामा ध्यान दिने खालको बजेट तयार गर्नु पर्नेमा जोड दिइएको छ । खेतीपातीको समयमा मल बीउको अभाव हुँदा किसानले दुःख पाइरहेको अवस्थालाई अन्त्य गर्नेतर्फ बजेटको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराइएको छ ।

कृषि, फलफूल व्यवसाय गर्नेलाई सरल तरिकाले ऋण तथा अनुदानको प्रबन्ध गर्नुपर्ने, बजेटमा साना किसानलाई समेट्न, देशभित्रै उत्पादन बढाउन र विदेशबाट आयात घटाउनेमा ध्यान दिन तथा भौगोलिक क्षेत्रअनुसार उत्पादन हुने वस्तुलाई पकेट क्षेत्र घोषणा गरी बजेट विनियोजन गर्नुपर्नेमा नागरिकस्तरबाट सुझाव आएको छ ।

देशभित्रका प्राकृतिक स्रोत तथा साधन जल, जमिन जङ्गल, जडीबुटी एवं जनशक्तिको पूर्ण सदुपयोग गरी बजेट निर्माण गर्नुपर्नेलगायत महत्वपूर्ण सुझाव प्राप्त भएको अर्थमन्त्रालयले जनाएको छ । विद्युतीय सवारी साधनको प्रवर्द्धनमा विशेष जोड दिनुपर्ने, भन्सार र कर छुट दिनुपर्ने सुझाव पनि महत्वका साथ प्राप्त भएको छ । पेट्रोलीयम इन्धनका कारण वातावरणीय सङ्कटसमेत बढेकाले विद्युतीय सवारी साधनको प्रवर्द्धनमा जोड दिन नागरिकले सरकारलाई आग्रह गरेको अर्थमन्त्रालयले जनाएको छ ।

ऋण लिएका व्यक्तिलाई आयकरमा छुट दिनुपर्ने, घर बहाल कर तिर्ने र नतिर्नेका बीचमा फरक हुनुपर्ने सुझाव दिइएको छ । कर र नतिर्नेका बीचमा फरक देखाउन स्वास्थ्य वा विद्युत् महशुलमा सहुलियत दिनुपर्नेमा जोड दिइएको छ । यस्तो व्यवस्था गरिए बहाल कर तिर्नेको सख्यामा वृद्धि हुने सम्भावना औँल्याइएको छ । सघिय सरकारको बजेटबाट दीर्घकालीन योजना सञ्चालन गर्ने, प्रदेश र स्थानीय पालिकाको योजना जनस्तरको समस्या समाधानका लागि परिचालन गर्नुपर्ने, साना तथा मझौला योजनालाई कम प्राथमिकता दिनुपर्ने सुझाव आएको जनाइएको छ । सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गरी हुँदा खाने र हुनेखानेका बीचका फरक गर्न, त्यस्तो भत्ता नगदमा नदिएर कार्डको व्यवस्था गरी आधारभत सेवा निःशुल्क गर्न र नगदलाई उत्पादनमूलक कार्यमा लगाउनुपर्नेमा जोड दिइएको छ ।

वास्तविक क्षेत्रलाई शेयर बजारमा आउन पाउनेगरी विशेष व्यवस्था गर्न, बजारमा हुने गैरकानूनी क्रियाकलाप अन्त्य गर्न तथा नियामक निकायका प्रमुख नै गलत कार्यमा संलग्न हुनेलाई कडाभन्दा कडा कारवाही हुने प्रणालीको व्यवस्था गर्नुपर्ने नागरिकको सुझाव छ । नेपालमा बसेर अनलाइनका काम गर्ने कर्मचारीले पाउने पारिश्रमिकलाई विप्रेषणमा राखिए पनि कर उठाउने व्यवस्था भएको भन्दै यस क्षेत्रलाई करको दायरामा ल्याउन भनिएको छ ।

कर नतिर्ने प्रवृत्ति अन्त्यका लागि कर कार्डको व्यवस्था गर्न, सरकारको मातहत रहने गरी जिल्लास्तरमा रोजगार केन्द्रको स्थापना गर्न, बेरोजगारको लगत कायम गर्न भनिएको छ । रोजगार केन्द्रमा होटल, बैंक, वित्तीय संस्था, सहकारीलगायत सघंसंस्थालाई सोही केन्द्रमा दर्ता गर्नुपर्ने व्यवस्था गर्न अनुरोध गरिएको छ ।

आगामी आर्थिक वर्षको बजेटमा देशको सन्तुलित आर्थिक विकासका लागि जल, जमिन, जंगल, खानी, कृषिलगायत प्राकृतिक स्रोतको अधिकतम उपयोग, निर्यात प्रवर्द्धन व्यवस्थापन एवं प्रतिस्थापन, गुणस्तरीय पर्यटन सेवा विस्तार र विद्युत् ऊर्जाको विकासलाई प्रमुख प्राथमिकतामा राखेर अर्थ मन्त्रालयले बजेट बनाइरहेको छ । निरपेक्ष र बहुआयामिक गरिबीको अवस्थाबाट देशलाई मुक्त गर्दै मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नतिमा सघाउने कार्यक्रम, सरकारका नीति तथा कार्यक्रम, वर्तमान सरकारका न्यूनतम साझा कार्यक्रम, शिक्षा, स्वास्थ्य क्षेत्रको सबलीकरणका साथै भौतिक पूर्वाधार निर्माण आगामी बजेटका प्राथमिकताका क्षेत्र हुने मनलयलले जनाएको छ ।

# वायुसेवा निगमका कार्यकारी अध्यक्ष अधिकारीको विरुद्ध मन्त्रालयमा उजुरी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वायु सेवा निगमका तीनवटै संयुक्त ट्रेड युनियनमा आवद्ध कर्मचारीहरू कार्यकारी अध्यक्ष युवराज अधिकारीको राजीनामा माग्दै मन्त्रालयमा उजुरी गरेका छन् ।

पर्यटनमन्त्री प्रेम आलेसमक्ष उजुरी पत्र बुझाउँदै कार्यकारी अध्यक्ष अधिकारीको राजीनामा माग गरेका छन् । १५ बुँदे ध्यानाकर्षण पत्र बुझाउँदै उनीहरूले अधिकारीले निगम सञ्चालन गर्न नसक्ने भन्दै राजीनामा माग गरेका हुन् । ध्यानाकर्षण पत्रमा अध्यक्ष अधिकारीमाथि निगम सञ्चालनका लागि कुनै पनि योजना नभएको, निगमको व्यापार राम्रो हुँदा समेत कर्मचारी सञ्चय कोषमा किस्ता नबुझाएको, निकट भविष्यमा सञ्चालनमा आउने पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि आवश्यक गुरुयोजना नबनाएको आरोप लगाइएको छ ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीको छानबिनका लागि समिति गठन गरिएको छ । निगमभित्र पछिल्लो समय भएका असन्तुष्टि र कर्मचारीमाथि भएको दमनका विषयमा अध्ययन गर्न पर्यटन मन्त्रालयका सहसचिव डा. टोकराज पाण्डेको संयोजकत्वमा छानबिन समिति बनाएको छ । निगम संयुक्त ट्रेड युनियन संघर्ष समितिले गत सातादेखि नै अध्यक्ष अधिकारीको राजीनामा माग गरिरहेको हो । अध्यक्ष अधिकारीले कर्मचारीमाथि पटकपटक अभद्र व्यवहार गरेको र आफ्नो मनोमानीमा चलाएको भन्दै उनको राजीनामा माग गरेको निगमका कर्मचारी युनियनका अध्यक्ष मानबहादुर कुँवरले जानकारी दिए ।

गत शुक्रबार अध्यक्ष अधिकारीको कार्यकक्षमा ताला लगाइएको छ । अध्यक्ष अधिकारीले यही वैशाख १४ गते ओझालाई आफ्नो कार्यकक्षमा बोलाएर कोठा थुनेर मोबाइल बन्द गर्न लगाए र अभद्रपूर्वक धम्की दिएको कुँवरले बताएका छन् । निगम संयुक्त ट्रेड युनियन संघर्ष समितिले अध्यक्षको राजीनामा माग गरिरहेको हो । छानबिनका लागि गठित समितिले कार्यकारी अध्यक्ष अधिकारीले कर्मचारी ओझामाथि गरेको व्यवहारको समेत अध्ययन गरी एक साताभित्र रिपोर्ट बुझाउनेछ ।

# युनियन लाइफको साधारणसभा सम्पन्न



**काठमाडौं (प्रस)–** युनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चौथो बार्षिक साधारण सभा भैरहवामा सम्पन्न भएको छ । आर्थिक बर्ष २०७६/७७ को बार्षिक साधारण सभाले महत्वपूर्ण निर्णयहरू गरेको छ । सो साधारण सभाले कम्पनीको नयाँ संचालक चयन गरेको छ । सभाले कम्पनीको संस्थापक समूह तर्फ शुलभ अग्रवाल, संदिप कुमार अग्रवाल, जीवन कुमार अग्रवाल, सिमा गोल्छा र सर्वसाधारण समूह तर्फ सिताराम अग्रवाल र सचिन आचार्यलाई निर्विरोध चयन गरेको हो । निर्वाचित संचालकहरूको आजै बसेको संचालक समितिको बैठकले संचालक शुलभ अग्रवाललाई अध्यक्षमा चयन गरेको छ ।

यसैगरी सो साधारण सभाले संचालक समितिको बार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र लेखापरीक्षकको नियुक्ती सर्वसम्मत रूपमा गरेको छ । यस्तै सभाले प्रमुख कार्यकारी अधिकृत र स्वतन्त्र विज्ञ संचालकको नियुक्ति भएको बिषयलाई सर्वसम्मतीले अनुमोदन गरेको छ । त्यस्तै बीमा समितिले तोकेको समय भित्र ५ अर्ब चुक्ता पूँजी पुऱ्याउन अन्य जीवन बीमा कम्पनी बिच एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने), प्राप्ती गर्ने एक्विजिशन) गर्ने कार्यको लागि संचालक समितिलाई अख्तियारी दिएको छ । बीमा समितिले २०७९ चैत्र मसान्त भित्र जीवन बीमा कम्पनीको चुक्ता पूँजी ५ अर्ब पुऱ्याउन निर्देशन दिएको थियो । कम्पनी मर्जरको लागि बिस्तृत लेखा परीक्षण (डिडिए) गर्नका लागि मुल्यांककर्ता नियुक्त गर्ने प्रयोजनको लागि पनि सभाले संचालक समितिलाई अख्तियारी दिएको छ ।

उक्त बार्षिक साधारण सभामा संचालक समितिका अध्यक्ष शुलभ अग्रवालले मन्तब्य राख्दै आगामी दिनमा कम्पनीको कामकारवाही तथा सेवा प्रवाहलाई अझ प्रभावकारी बनाई कम्पनीको ब्यवसाय विस्तार गर्ने र शेयरधनीहरूको चाहना अनुसार कार्यसम्पादन स्तर उच्च स्तरमा बृद्धि गर्ने बताए ।

यसैगरी संचालक संदिप कुमार अग्रवालले शेयरधनीहरूलाई उच्च प्रतिफल प्रदान गर्न कम्पनी प्रतिबद्ध रहेको बताए । यस्तै प्रमुख कार्यकारी अधिकृत मनोज कुमार लाल कर्णले आगामी दिनमा कम्पनीको कामकारवाहीलाई प्रभावकारी बनाई नयाँ उचाईमा पुऱ्याउने जानकारी गराए ।

# लण्डनमा विष्णुको ह्याट्रिक तेस्रोपटक काउन्सिलरमा निर्वाचित

■ प्रभाव संवाददाता

**लण्डन–** विष्णु गुरुङ लण्डन बरो अफ हउन्स्लोको ह्यान्वर्थ पार्क वार्डबाट सन् २०२२-२६ का लागि तेस्रो पटक २६८ मतको अन्तरले काउन्सिलरमा विजयी भएका छन् ।

बेलायतको प्रतिपक्षी लेबर पार्टीबाट उम्मेदवार बनेका गुरुङले १ हजार ३७ मत प्राप्त गरि बिजयी भएका हुन् । उक्त वार्डमा उनीसँगै लेबर पार्टीबाट अर्का काउन्सिलर उम्मेदवार फराह कमरनले ९ सय ८३ मत प्राप्त गरी विजयी भएकी छन् ।

उनका प्रतिद्वन्द्वी कन्जर्भेटिभ पार्टीको उम्मेदवारले ७ सय ६९ मत प्राप्त गरेकी थिइन् । इङ्ल्याण्डमा १४६ काउन्सिलमा ४ हजार ३ सय भन्दा बढी काउन्सिलरको लागि वैशाख २२ गते अर्थात मे ५ तारिखमा स्थानीय निर्वाचन भएको हो ।

लण्डनको ट्विकेनहैम रग्बी स्टेडियममा लण्डन बरो अफ हउन्स्लोको सम्पुर्ण मतगणना भएको थियो । उक्त




काउन्सिलमा ५२ जना लेबर काउन्सिलर तथा १० जना कन्जर्भेटिभ काउन्सिलर बिजयी भएका छन् । मतगणना स्थलमा मिडिया/पर्यवेक्षकको रूपमा पत्रकार एभरेष्ट गौतम समेत सहभागी रहेका थिए ।

रिटायर्ड ब्रिटिस आर्मीबाट वेलायतको राजनीतिमा प्रवेश गरेका ऊनी यसअघि सन २०१४/१५ का लागि लण्डन बरो अफ हउन्स्लोमा उप मेयर तथा सन २०२१/२२ का लागि उक्त बरोमा ५६औं मेयर बनेका हुन् । मेयरको एक बर्षको कार्यकाल मे महिनाको अन्तिम तिर सकिँदै छ । बेलायतमा अधिकांश काउन्सिलमा मेयर तथा उप मेयरको छनोट उक्त बरोमा रहेका काउन्सिलरहरूको बहुमतबाट हुने गर्दछ । यसरी छनोट हुने मेयर तथा उप मेयरहरू प्रत्येक एक बर्षका लागि हुने गर्दछन् । प्रत्येक्ष चुनावबाट निर्वाचित मेयर तथा उपमेयर भने ४ बर्षका लागि हुने गर्दछ । यो विजयसँगै काउन्सिलर बिष्णु गुरुङलाई पुनः मेयर बन्नको लागि ढोका खुल्ला भएको छ । तर उनी तत्काल प्रतिस्पर्धामा गएर पुनः मेयरको दाबी गर्ने पक्ष भने देखिँदैनन् । पेशाले उनी बस ड्राईभर हुन् । राजनीति उनको सामाजिक सेवा तथा प्रतिस्ठासँग जोडिएको बताउँदै आएका छन् । साथै उनी सेवारत तथा रिटायर ब्रिटिस आर्मीको लागि 'द आर्मी फोर्स च्यारिटी'मार्फत सहयोग गर्दै आएका छन् ।

चुनाव प्रचारप्रसारको क्रममा सहयोगी तथा शुभ चिन्तक सम्पुर्णलाई उनले धन्यवाद व्यक्त गरेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१–४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ